सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ पुस २०८०, शुक्रबार (29 Dec 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

यी हुन् २२ अर्ब २४ करोड विद्युत् महसुल नतिर्ने ५९ उद्योग

विद्युत् प्रयोगको प्रमाण दिन उद्योगीले चुनौती दिइरहँदा बक्यौता नतिरे थप उद्योगको पनि लाइन काट्ने प्राधिकरणको घोषणा



● **कुलमान घिसिङ,** कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिर्ने थप उद्योगको लाइन काट्ने घोषणा गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक (सिइओ) कुलमान घिसिङले बिहीबार पत्रकार सम्मेलन नै गरेर तत्काल बक्यौता तिर्ने प्रक्रियामा नआए बाँकी उद्योगको पनि लाइन काट्ने घोषणा गरेका हुन्।

लोडसेडिङ हुँदा उद्योग, अस्पताललगायतका दुई सय ३९ ग्राहकलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा न्यूनतम २० घन्टा विद्युत् उपलब्ध गराइएको थियो। त्यसबापत ५९ उद्योगको २२ अर्ब २४ करोड (ब्याज र जरिवानासहित) बक्यौता बाँकी रहेको प्राधिकरणको दाबी छ। बक्यौता तिर्न ६१ उद्योग बाँकी थिए। यसबीचमा पाल्पाको सीता फुड इन्डस्ट्रिजले महसुल तिरेको छ भने बुटवलको नारायण रबर उद्योगको बक्यौता विवाद अदालतमा विचाराधीन भएकाले प्राधिकरणले रकम खुलाएको छैन। उद्योगहरूले विद्युत् प्रयोग नै नगरेको भन्दै प्रमाण ल्याउन चुनौती दिइरहँदा घिसिङले भने प्रमाण रहेको दाबी गरेका छन्।

बक्यौता नतिरेको भन्दै प्राधिकरणले गत शुक्रबारदेखि उद्योगको लाइन काट्न सुरु गरेको छ। हालसम्म जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, त्रिवेणी स्पिनिङ मिल्स, अशोक स्टिल, सोनापुर मिनिरल्स एन्ड आयल स्टोर, सर्वोत्तम सिमेन्ट र लक्ष्मी स्टिल गरी नौ उद्योगको लाइन काटिएको छ। यी नौ उद्योगको मात्रै १२ अर्ब ५० करोड रुपैयाँ बक्यौता छ। अब बक्यौता नतिरेका अन्य

» पृष्ठ ११ मा क्रमशः

ग्राहकको नाम	०८० मंसिरसम्मको बक्यौता बिल रकम
जगदम्बा स्टिल प्रा.लि.(सिमरा)	४ अर्ब १४ करोड ४ लाख
शिवम् सिमेन्ट (हेटौंडा)	२ अर्ब २७ करोड ८९ लाख
रिलायन्स स्पिनिंग मिल्स (धनकुटा)	१ अर्ब ९४ करोड २६ लाख
घोराही सिमेन्ट उद्योग (घोराही, दाङ)	१ अर्ब ३६ करोड ६३ लाख
अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज (अमुवा)	१ अर्ब ३१ करोड १ लाख
मारुती सिमेन्ट प्रा.लि. (वीरगन्ज)	९७ करोड ९२ लाख ५९ हजार
त्रिवेणी स्पिनिख्र मिल्स (वीरगन्ज)	८९ करोड ३८ लाख ६८ हजार
लक्ष्मी स्टिल (परासी)	७९ करोड ५९ लाख ६३ हजार
नारायणी स्पात मिल्स (वीरगन्ज)	७८ करोड ४८ लाख ९७ हजार
अशोक स्टिल (सिमरा)	७८ करोड ३६ लाख ४६ हजार
सर्वोत्तम सिमेन्ट (परासी)	७३ करोड २२ लाख ३४ हजार
सोनापुर मिनरल एन्ड आयल (घोराही, दाङ)	५७ करोड ३८ लाख ७७ हजार
जगदम्बा इन्टरप्राइजेज (सिमरा)	४७ करोड ९८ लाख २८ हजार
जगदम्बा सिन्थेटिक (भैरहवा)	४७ करोड ५३ लाख ४१ हजार
हुलास स्टिल (सिमरा)	४३ करोड २४ लाख ८ हजार
उदयपुर सिमेन्ट उद्योग (इटहरी)	३८ करोड ७८ लाख ६४ हजार
शुभश्री अग्नि सिमेन्ट प्रा.लि. (अर्घाखाँची)	३८ करोड १० लाख ३४ हजार
कसमस सिमेन्ट फ्याक्ट्री (धनुषा, सखुवा)	३५ करोड ८१ लाख ९४ हजार
सम्राट सिमेन्ट (लमही, दाङ)	३५ करोड ७८ लाख ५२ हजार
बुटवल सिमेन्ट (परासी)	३२ करोड ९७ लाख ८३ हजार
युनाइटेड सिमेन्ट प्रा.लि. (धादिङ)	२९ करोड ४६ हजार ६२ हजार
एभरेस्ट पेपर मिल (धनुषा, सखुवा)	२१ करोड ३५ लाख ७७ हजार
रघुपती जुट मिल (उदयपुर)	२१ करोड ८ लाख ४२ हजार
अरिहन्त मल्टिफाइबर लि. (दुहबी, सुनसरी)	१८ करोड ६ लाख ६७ हजार
त्रिवेणी सिन्थेटिक यान इन्डस्ट्रिज (वीरगन्ज)	१५ करोड ६५ लाख ५७ हजार
निगाले सिमेन्ट प्रा.लि. (दुहबी, सुनसरी)	१४ करोड २० लाख ८४ हजार
हामा आइरन (सिमरा)	११ करोड ५५ लाख ४६ हजार
पञ्चकन्या प्लास्टिक (रुपन्देही, नयाँ मिल)	११ करोड १५ लाख ७९ हजार
पञ्चकन्या स्टिल इन्डस्ट्रिज (नयाँ मिल)	१० करोड ८३ लाख ११ हजार
डाबर नेपाल प्रा.लि. (वीरगन्ज)	९ करोड ६२ लाख ८६ हजार
हिमाल आइरन एन्ड स्टिल (वीरगन्ज)	८ करोड १२ लाख ७३ हजार
हेटौंडा सिमेन्ट (हेटौंडा)	६ करोड ३० लाख ४८ हजार
अरिहन्त पोलिप्याक लि. (मिर्चैया)	५ करोड ९५ लाख ९६ हजार
रोल्पा सिमेन्ट (रोल्पा)	५ करोड ७३ लाख ६३ हजार
बाबा जुट मिल (विराटनगर)	५ करोड ६१ लाख ४९ हजार
सिद्धार्थ पेटप्लास्ट (भैरहवा)	५ करोड २३ लाख ८२ हजार
घराना फुड्स (भैरहवा)	५ करोड ९ लाख २९ हजार
सिद्धिलक्ष्मी स्टिल (परासी)	४ करोड ७६ लाख ८३ हजार
विशाल सिमेन्ट इन्डस्ट्रिज (अमुवा)	४ करोड २६ लाख ६९ हजार
एभरेस्ट रोलिङ मिल (भैरहवा)	४ करोड २ लाख ५६ हजार
एस.आर फुड्स (भैरहवा)	३ करोड ८३ लाख १२ हजार
एस .आर. स्टिल इन्डस्ट्रिज (नयाँ मिल)	३ करोड ७७ लाख ८६ हजार
यशोदा फुड प्रा.लि. (नयाँ मिल)	३ करोड ६२ लाख ९७ हजार
गोयन्का फुड्स, रुपन्देही (नयाँ मिल)	३ करोड ३६ लाख ९३ हजार
सूर्य नेपाल (सिमरा)	२ करोड ५९ लाख ४१ हजार
सोना प्याकेजिङ (भैरहवा)	२ करोड २५ लाख ९२ हजार
सोना पोलिमर्स (भैरहवा)	२ करोड ५ लाख २६ हजार
विनायक स्पात प्रा.लि. (भैरहवा)	१ करोड १ लाख २७ हजार
नव नेपाल प्लास्टिक इन्डस्ट्रिज (नयाँ मिल)	९० लाख ५६ हजार
श्याम प्लास्टिक उद्योग (नयाँ मिल)	८७ लाख ८९ हजार
ए.जी. हेल्थ इन्डस्ट्रिज (नयाँ मिल)	७० लाख २९ हजार
सू.प. हवाई कार्यालय (नेपालगन्ज)	६८ लाख ५ हजार
शुभलक्ष्मी पोलिमर्स (नयाँ मिल)	६६ लाख १८ हजार
भलबारी स्वचालित कारखाना (नयाँ मिल)	६४ लाख १६ हजार
जय दुर्गा प्लास्टिक इन्डस्ट्रिज (नयाँ मिल)	३५ लाख ६० हजार
जि.बि. टेक्सटायल (बुटवल)	२३ लाख ६८ हजार
जी.बी. टेक्सटायल (बुटवल)	१३ लाख ५२ हजार
नेपाल टेलिकम मस्याम (पाल्पा)	१२ लाख ३३ हजार
नेसनल रबर इन्डस्ट्रिज (नयाँ मिल)	११ लाख ३८ हजार

● **डेडिकेटेड फिडर र ट्रंक लाइन महसुलको बक्यौता तिर्न ६१ उद्योग बाँकी थिए। यसबीचमा पाल्पाको सीता फुड इन्डस्ट्रिजले महसुल तिरेको छ भने बुटवलमा रहेको नारायण रबर उद्योगको बक्यौता विवाद अदालतमा विचाराधीन भएकाले प्राधिकरणले रकम खुलाएको छैन।**

■ बक्यौता तिर्ने उद्योगीलाई दुई सुविधा दिने घोषणा

प्राधिकरणले बक्यौता तिर्न चाहने उद्योगलाई भने सहजताका लागि दुई सुविधा दिने घोषणा गरेको छ। बक्यौताको पुनरावलोकन गर्न दिने र किस्तामा बक्यौता तिर्ने सुविधा दिने घिसिङले बताए। महसुलको बिलमा चित्त नबुझेमा बिल रकमको २५ प्रतिशत धरौटी राखेर पुनरावलोकनका लागि प्राधिकरणमा आवेदन दिन सकिनेछ। त्यस प्रक्रियामा उद्योगहरू आए यससम्बन्धी धेरै विवाद समाधान हुने घिसिङ बताए। साथै, बक्यौता तिर्न किस्ताको सुविधा पनि दिने उनको भनाइ छ। 'उद्योगहरू साँच्चिकै असन्तुष्ट हो भने पुनरावलोकनमा आउनुस्, त्यहाँ व्यापक रूपमा छलफल गरेर समाधान निकाल्न सकिन्छ,' उनले भने, 'यत्तिका ठूलो रकम तिर्न उद्योगहरूलाई गाह्रो हुन सक्छ, त्यसैले किस्तामा बक्यौता तिर्ने सुविधा दिन्छौं।' घिसिङले यसअघि उद्योगहरूबाट पुनरावलोकन निवेदन नआएको दाबी गरे पनि अर्घाखाँची सिमेन्टले पुनरावलोकन निवेदन दिएको देखिएको छ।

■ समन्वय नगरिएकोमा निजी क्षेत्र असन्तुष्ट

प्राधिकरणले लाइन काट्दा पनि सरकारबाट विवाद समाधानका लागि समन्वय नहुँदा निजी क्षेत्र असन्तुष्ट देखिएको छ। विद्युत् प्राधिकरणले लाइन काट्न थालेको एक हप्ता भइसकेको छ। तर, उद्योगमन्त्री, ऊर्जामन्त्रीजस्ता सरोकारवाला मन्त्री र मन्त्रालयले छलफलका लागि कुनै आह्वान नगरेको एक उद्योगीले बताए। 'हामी साँच्चिकै मर्कामा छौं। त्यसमाथि अहिले आर्थिक शिथिलता छ। यो वेलामा यस विवादलाई के-कसरी समाधान गर्ने भनेर सरकारी निकायबाट आह्वान हुन्छ भन्ने आशा थियो। तर, अहिलेसम्म कुनै पनि निकायले छलफलका लागि बोलाएका छैनन्,' ती उद्योगीले भने, 'यस मामिलामा हामीले गर्ने केही पनि छैन। सरकारले नै निकास निकाल्नुपर्छ।'

सर्लाहीमा पनि साहुकारबाट कुटिए दुई मिटरब्याजपीडित

सिडिओ कार्यालयअगाडि साहुकार रामस्वरूप रायबाट कुटिएकी अमरुल खातुनको गुनासो-

साहुकारले कपडा च्यात्दै, लछारपछार गर्दै कुट्दा त्यहीं रहेका सुरक्षाकर्मी मूकदर्शक बने



सर्लाहीमा **श्रवण थापा**

सर्लाहीमा पनि बुधबार साहुकारबाट मिटरब्याजपीडित दुई महिला कुटिएको घटना बाहिरिएको छ। मलंगवा नगरपालिका- ४ का साहुकार रामस्वरूप राय र उनका आफन्तले जिल्ला प्रशासन कार्यालयमा सुरक्षाकर्मीकै सामुन्ने हरिपुर नगरपालिका- ५, लक्ष्मीपुरका अमरुल खातुन र मविना खातुनलाई कुटपिट गरेका हुन्।

कुटपिटबाट घाइते मविनाको प्रादेशिक अस्पताल मलंगवामा उपचार भइरहेको छ भने अमरुल उपचारपछि घर फर्किएकी छिन्। मविनाको छातीमा चोट लागेको छ, अमरुलको शरीरका विभिन्न भागमा चोट लाग्नुका साथै कपडा च्यातिएको छ।

जिल्ला प्रशासन कार्यालयअगाडि मिटरब्याजपीडित महिलाहरूमाथि कुटिपट भएको निवेदन आफूकहाँ आएको प्रमुख जिल्ला अधिकारी (सिडिओ) कोमलप्रसाद धमलाले बताए। 'हिजो कार्यालयअगाडि कुटिपट भयो भनेर आउनुभएको थियो। महिलाको ब्लाउज च्यातिएको अवस्थामा देखियो। त्यस्तो हो भने लेखेर ल्याउनुस् न भर्ने, लेखेर ल्याएपछि आरोपीमध्येका एकजनालाई तुरुन्तै पक्राउ गरेर हिरासतमै राखिएको छ,' उनले भने। तर, पक्राउ परेका व्यक्तिबारे जिल्ला प्रशासन र प्रहरीले कुनै जानकारी दिएको छैन।

रामस्वरूपसँग लिएको तीन लाख ऋणले अमरुलको तीन कट्ठा खेत र घरसहित साढे आठ धुर घडेरी गुमेपछि उनी गत असारबाट अनुचित लेनदेन

» पृष्ठ ११ मा क्रमशः

प्रधानमन्त्री कार्यालय अब 'डेस्क मोडल'मा

सचिवसहित ६८ जनाको दरबन्दी कटौती



सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठक

सुवास भट्ट/नयाँ पत्रिका


सरकारले प्रधानमन्त्री कार्यालयको पुनर्संरचनासहित दरबन्दी कटौती गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले कार्यालयको पुनर्संरचनासहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) स्वीकृत गर्ने निर्णय गरेको हो। सर्वेक्षणले कार्यालयका विभिन्न श्रेणीका ६८ दरबन्दी कटौती गरेको थियो।

विद्यमान संगठन संरचनाअनुसार हाल कार्यालयमा २३५ जनाको स्थायी दरबन्दी छ। ओएन्डएम स्वीकृत भएपछि अब यो दरबन्दी १६७ मा झर्नेछ। कार्यालयका अनुसार सबै श्रेणीमा दरबन्दी कटौती भएको छ। कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले मन्त्रिपरिषद्को निर्णय प्रमाणित भएर आइनसकेकाले कुन श्रेणीमा कति दरबन्दी कटौती भयो भन्नेबारे थाहा नभएको बताए।

तर, स्रोतका अनुसार ओएन्डएमले दुई सचिवको दरबन्दी कटौती गरेको छ। हाल प्रधानमन्त्री कार्यालयमा मुख्य सचिवबाहेक पाँचजनाको दरबन्दी छ। त्यसमा मन्त्रिपरिषद्, संवैधानिक निकाय तथा प्रशासन, सामाजिक विकास तथा प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा, सुशासन तथा नतिजा व्यवस्थापन, आर्थिक तथा पूर्वाधार विकास र कानुन तथा मानव अधिकार हेर्ने सचिवको दरबन्दी छ। स्वीकृत नयाँ ओएन्डएमले विद्यमान संरचनाको पुनरावलोकन गरेर नयाँ दरबन्दी

डेस्क मोडलमा गएसँगै अब मन्त्रालयहरू हेर्ने गरी अलगै डेस्क हुनेछ, जसले तोकिएका मन्त्रालय र कार्यप्रकृतिका विषय मात्र हेर्नेछ। यसको नेतृत्व सहसचिवले गर्नेछन्।

● **एकनारायण अर्याल,** सचिव, प्रधानमन्त्री कार्यालय



पुनर्संरचनासहितको संगठन तथा व्यवस्थापन सर्वेक्षणले कार्यालय सुधारको खाका दिएको छ। कार्यालयलाई थप व्यवस्थित बनाउने कार्यको प्रारम्भ भएको छ।

संरचना सिर्जना गरेको छ। सचिवको दरबन्दी कटौती भएबमोजिम सहसचिव, उपसचिवलगायतका तलका श्रेणीमा पनि दरबन्दी घटाइएको छ। हाल कार्यालयमा सहसचिवको दरबन्दी ११ छ।

पुनर्संरचनासहितको नयाँ ओएन्डएमले प्रधानमन्त्री कार्यालयलाई डेस्क मोडलमा लाने स्पष्ट गरेको छ। यसअघि नीति अनुसन्धान प्रतिष्ठानले गरेको प्रधानमन्त्री कार्यालयको रणनीतिक सुदृढीकरण योजना अध्ययनले पनि कार्यालयलाई डेस्क

» पृष्ठ ११ मा क्रमशः

कांग्रेस बैठक : राष्ट्रिय सभामा नयाँलाई अवसर दिन दबाब

● **दिलेन्द्र बडू**



कोही दोहोरिने, कोही केही नपाउने अवस्था नबनाऔं। अहिलेसम्म अवसर नपाएकालाई प्राथमिकता दिऔं।

● **देवेन्द्रराज कँडेल**



गलत व्यक्तिको संरक्षण नहोस्। कामका आधारमा दण्ड र पुरस्कारको व्यवस्था होस्। उम्मेदवारको विषयमा छलफलबाट सर्वमान्य मापदण्ड बनाऔं। गत निर्वाचनमा पराजित भएकालाई लैजाने हो भने म किन नजाने ?

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस केन्द्रीय सदस्यहरूले राष्ट्रिय सभा उम्मेदवारमा नयाँलाई अवसर दिन नेतृत्वलाई दबाब दिएका छन्। बिहीबारदेखि सुरु केन्द्रीय कार्यसमिति बैठकमा उनीहरूले निश्चित मापदण्ड बनाएर अवसर नपाएकालाई मौका दिनुपर्ने माग गरेका छन्।

मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार पहिलो दिन १५ केन्द्रीय सदस्यले धारणा राखेका छन्। 'कसैलाई सधैंभरि, कसैले कहिले पनि अवसर नपाउने' अवस्था अन्त्य गर्न अधिकांश सदस्यको माग छ। गत निर्वाचनमा उम्मेदवार बनेकालाई राष्ट्रिय सभामा दोहोऱ्याउन नहुने उनीहरूको मत छ।

बैठकमा केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले मापदण्ड बनाएर मात्रै उम्मेदवार छनोट गर्नुपर्ने बताए। 'उम्मेदवार छनोटका लागि निश्चित मापदण्ड बनाऔं। कसैलाई सधैंभरि, कसैलाई कहिले पनि नहुने अवस्थाको अन्त्य गरौं,' उनको भनाइ थियो।

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मन्त्रीहरूको आलोचना

कांग्रेस बैठकमा जनस्तरमा महसुस हुने गरी काम गर्न नसकेको भन्दै मन्त्रीहरूको आलोचना भएको छ। केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रममा सरकारको काम र कांग्रेसका मन्त्रीको कार्यशैलीमाथि प्रश्न उठाएका हुन्। केन्द्रीय सदस्य मुक्ताकुमारी यादवले पार्टी सरकारमा भए पनि त्यसको अनुभूति हुन नपाएको गुनासो गरिन्। 'हाम्रा साथीहरू मन्त्री छन्। तर, सरकारमा भएको अनुभूति नै हुन सकेन। उहाँहरूलाई सक्रिय बनाउनुपऱ्यो,' उनको भनाइ थियो।

केन्द्रीय सदस्य नैनसिंह महरले तीनै तहका सरकार जनता र पार्टीप्रति जिम्मेवार हुन नसकेको आरोप लगाए। तीनै तहको सरकार सञ्चालनका लागि संयन्त्र बनाउने भनिए पनि निर्माण नगरिएकोमा उनले आपत्ति जनाए। 'तीनै तहको सरकारमा हामी छौं, तर जनता र पार्टीप्रति जिम्मेवार हुन सकेका छैनौं,' उनले भने। केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले कांग्रेसका मन्त्रीले काम गर्न नसकेको भन्दै प्रचार भएको बताए। 'मन्त्रीहरूले राम्रो काम गरे राख्ने नत्र हटाउने प्रधानमन्त्रीको कुरा छ। सामाजिक सञ्जालमा कांग्रेसकै साथीहरूबाट सरकार र मन्त्रीहरूका कामकारबाहीबारे नेगेटिभ कमेन्ट हुने गरेको छ। सरकारले र हाम्रा मन्त्रीहरूले गरेका राम्रा काम प्रचार गर्न मिल्ने गरी विवरण राख्नुपऱ्यो,' उनको भनाइ थियो।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाले बैठकमा मन्त्रीहरूको कार्यसम्पादन चित्तबुझ्दो नभएको र प्रश्न उठेको जानकारी दिए। तर, मन्त्री फेरबदलभन्दा पनि भएकाबाटै परिणाम निकाल्नुपर्ने उनको भनाइ थियो। 'मन्त्री भएपछि के गर्ने ? नीति तय गर्नुपऱ्यो। नीतिअनुसार काम गर्नुपऱ्यो। मन्त्रीहरूले काम गर्न सकेका छैनन्, किन गर्न सकेनन् भन्न सकिँदैन। बैठकमा प्रश्न उठ्यो। मन्त्री फेरेर मात्रै हुँदैन, भएकाबाटै रिजल्ट निकाल्नुपऱ्यो,' उनको प्रतिक्रिया छ। बैठकमा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले मन्त्रालयको रिपोर्ट कार्ड पेस गरेका थिए। 'परिणाम दिने गरी काम गरिरहेका छौं। देखिने काम भएका छन्। मुलुकमा ९२ हजार दरबन्दी आवश्यक छ। अहिले ३० हजार दरबन्दी मात्र छन्। दरबन्दी कटौती गरेर दुर्गममा सहज सेवा उपलब्ध गराउने प्रयास भएका छन्। दरबन्दी थपेर स्वास्थ्य सेवा सहज बनाउने तयारीमा छौं। स्वास्थ्य बिमा सम्बन्धमा समस्या समाधान गर्ने काम भएको छ,' बैठकमा रिपोर्ट पेस गर्दै मन्त्री बस्नेतले भनेका थिए।

अधिकार प्राप्तिका लागि एकजुट बन्दै प्रदेश र स्थानीय तह

सातै प्रदेशका मुख्यमन्त्रीहरूको आज हेटौंडामा भेला

(विस्तृत पृष्ठ ३)

प्रधानमन्त्रीको तेस्रो कार्यकालको पहिलो वर्ष




सरकारले एक वर्ष पूरा गरेको अवसरमा प्रधानमन्त्री दाहालले गरेको सम्बोधनका क्रममा केही महत्त्वपूर्ण योजना, कार्यक्रम र व्यवहारगत परिमार्जनबारे घोषणा गरेका छन्

(बीणा झा। अग्रलेख : पृष्ठ ६)

प्रिमियममा आइपिओ निष्कासन अनुमति दिँदा आर्थिक चलखेल भएको लेखा समितिको ठहर

धितोपत्र बोर्डका अध्यक्ष हमालको सम्पत्ति छानबिन गर्न निर्देशन



(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र

■ अपांग संघको बेथितिविरुद्धको आन्दोलन तत्कालका लागि स्थगित

माग पूरा नभए एक महिनापछि पुनः आन्दोलनमा उत्रने चेतावनी

शान्ति तामाङ / नयाँ पत्रिका

गोकर्णेश्वर नगरपालिका जोरपाटीस्थित नेपाल अपांग संघ, खगेन्द्र नवजीवन केन्द्रमा भइरहेको अनियमितता र बेथितिविरुद्ध एक महिनादेखि जारी आन्दोलन स्थगित भएको छ। संघका अध्यक्ष साम्देन लामाले एक महिनाभित्र सबै समस्या समाधान गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित भएको हो।

संघमा आश्रित अपांगता भएका व्यक्तिहरूले संघमा भइरहेको बेथिति तत्काल हल हुनुपर्ने भन्दै १५ बुँदे मागसहित ४ मंसिरदेखि आन्दोलन सुरु गरेका थिए। अपांग संघर्ष समितिका सदस्य पुष्पराज भट्टका अनुसार अध्यक्ष लामाले आन्दोलनमा उठेका माग एक महिनाभित्र पूरा गर्ने बताएपछि तत्कालका लागि स्थगित भएको हो। यदि एक महिनामा माग पूरा नभए पुनः आन्दोलन गर्ने उनको भनाइ छ।

■ १५ वर्षदेखि विनाटेन्डर चमेनागृह सञ्चालन

समितिका सदस्य भट्टका अनुसार संघमा सबैभन्दा ठूलो समस्या र बेथिति चमेनागृह सञ्चालनमा छ। '१५ वर्षदेखि विनाटेन्डर चमेनागृह सञ्चालन भइरहेको छ। चमेनागृहमा खाना खाने मान्छे नै छैनन्, तैपनि संघले हरेक महिना चमेनागृहका लागि पाँच लाख खर्च गरिरहेको छ।' संघमा सरकारको सिफारिसका ५२ सहित ९० जना शारीरिक र बौद्धिक अपांगता भएका व्यक्ति आश्रित छन्। समितिले ४ मंसिरदेखि कार्यालयमा तालाबन्दीलगायतका विरोधका कार्यक्रम गर्दै आएको थियो।



■ माग सम्बोधनको प्रक्रिया अगाडि बढिसक्यो : अध्यक्ष लामा

अपांग संघका अध्यक्ष साम्देन लामा भने माग सम्बोधन भएर अगाडि बढिसकेको बताउँछन्। उनका अनुसार समितिले राखेका माग सम्बोधन गर्ने क्रममा सरसफाइको काम सुरु भइरहेको र शारीरिक र बौद्धिक अपांगता भएका व्यक्तिलाई छुट्टाछुट्टै भवनमा राख्ने गरी काम भइरहेको छ। अध्यक्ष लामाले भने, 'सरसफाइका काम भइरहेका छन्। अन्य माग क्रमैसँग समाधान गर्दै जानेछौं।' चमेनागृह सञ्चालनको विषयमा भने अदालतको 'स्टे अर्डर' आएका कारण गत १० मंसिरमा केन्द्रीय समितिको बैठकले नियमअनुसार नै जाऔं भन्ने भएकाले सोहीअनुसार अगाडि बढेको लामाले बताए।

■ संघमा आश्रितका यस्ता छन् माग

अपांग संघबाट सञ्चालित मेस (चमेनागृह) तुरुन्त खाली गरी सुस्त मनस्थिति भएका व्यक्तिहरूलाई व्यवस्थापन गर्नुपर्ने, सार्वजनिक विज्ञापन नगरी मनोमानी ढंगबाट नियुक्ति गरिएका सम्पूर्ण कर्मचारी तुरुन्त बर्खास्त गर्नुपर्ने, अपांगता भएका विद्यार्थीले संघलाई बुझाएको मासिक रकम ६ हजार मिनाहा गर्नुपर्ने, अपांगता भएका व्यक्तिका लागि आवासीय सुविधासहित निःशुल्क सीप तालिमको व्यवस्था गर्नुपर्ने, संघमा आश्रित अपांगता भएका विद्यार्थीलाई मानसिक यातना दिने निर्णयहरू तुरुन्त खारेज गर्नुपर्ने, संघमा कर्मचारी नियुक्ति गर्दा योग्यतामा आधारित भई अपांगता भएकालाई विशेष प्राथमिकतामा राख्नुपर्ने, नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अपांगता भएका व्यक्तिहरूको आवासीय पुनर्स्थापना सेवा सञ्चालन कार्यविधि, ०७४ अनुसार तोकिएको सेवा-सुविधा तत्काल लागू गर्नुपर्ने, संघको विधानअनुसार पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न माग छ।

सुस्त मनस्थिति (अपांगता भएका व्यक्तिहरू)बाट १५-२० लाख असुल गरी राख्ने व्यापारको अन्त्य गर्नुपर्ने, संघमा आश्रित व्यक्तिका लागि आवश्यक सहायक सामग्री ह्विलचियरका पांग्रा, इलेक्ट्रिक ह्विलचियरका ब्याट्रीलगायत सामग्रीहरूको व्यवस्था गर्नुपर्ने, शारीरिक र बौद्धिक अपांगता भएका व्यक्तिलाई एउटै भवनमा राख्दै आएकोमा मानसिक अपांगता भएका व्यक्तिलाई छुट्टै भवनमा राख्ने व्यवस्था गर्नुपर्ने माग राखेका छन्। यसैगरी, संघमा आवासीय पुनर्स्थापना सेवा लिँदै आएका अशक्त, अपांगता भएका व्यक्तिहरू बिरामी परेको खण्डमा तुरुन्त अस्पताल लैजाने व्यवस्था गर्नुपर्ने साथै आपत्कालीन अवस्थामा एम्बुलेन्स तथा संघको गाडी प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्नेलगायत १५ बुँदे माग राखेका छन्।

शारीरिक अपांगता, अशक्तता भएका व्यक्तिका लागि उपचारात्मक सेवा, समयानुकूल शिक्षा, तालिम एवं व्यावसायिक सीपको विकास गर्ने उद्देश्यले २०२६ सालमा खगेन्द्र नवजीवन केन्द्र स्थापना भएको हो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.


गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७०८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स.वडा नं.४ (हाल गुलरिया न.पा. वडा नं.११) स्थित कित्ता नं. ४५८ र ६२७ को क्षेत्रफल क्रमश : १०.०० र ३३८.६३ (व.मी) को घरजग्गा र बर्दिया जिल्ला, महमदपुर गा.वि.स.वडा नं.४ (हाल गुलरिया न.पा. वडा नं.११) स्थित कित्ता नं. ७४९ को क्षेत्रफल ३३८.६३ (व.मी) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय बाकैको लगतमा दर्ता कायम रहेको बाकै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा र रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.८/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ११३१ को क्षेत्रफल ०-०-१४.५-० (विगाह) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५२९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १८७५ र १८७६ को क्षेत्रफल क्रमशः १६९३.१५ र १६९३.१५ (व.मी) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १२ख (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ज (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७६१, ७०६, ७५९, ११९३ र १०४४ को क्षेत्रफल क्रमश : ०-०-१५-०, ०-०-१५-०, ०-०-८-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधुवनी गा.वि.स. वडा नं. ८ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.१०) स्थित कित्ता नं. १२८८ र १३१५ को क्षेत्रफल क्रमश : ०-०-४-० र ०-०-१.७५-० (विगाह) को घरजग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ०८ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (व.मि) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०२ र २१० (व.मि) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१८.५० व.मि.को जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १२५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
२८.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
२९.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २६५ र ७२१ को क्षेत्रफल क्रमशः ८४.६५ र १५१.३२ (व.मि.) को जग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा ।
३२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिह(रपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-९-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
३७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्सागढी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
३८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
३९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ९ क (हाल गढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।
४१.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८३४ को क्षेत्रफल ०-२-११-८ (विगाह) को जग्गा ।





लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पत्तिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्य

अधिकार प्राप्तिका लागि एकजुट बन्दै प्रदेश र स्थानीय तह

सातै प्रदेशका मुख्यमन्त्रीहरूको आज हेटौँडामा भेला, पोखरा भेलाले गरेका निर्णय कार्यान्वयनमा संघलाई दबाब दिने

मकवानपुरमा **पोष्टराज अधिकारी**

संवैधानिक अधिकार प्राप्तिका विषयमा प्रदेश र स्थानीय सरकारहरू एकजुट बनेका छन् । संघ सरकारले उपयुक्त समयमा एकल र साझा सूचीका अधिकार प्रत्यायोजनका विषयमा निर्णय नगर्दा दबाब बढाउनकै लागि प्रदेश र स्थानीय सरकार एकजुट बनेका हुन् ।

बिहीबारबाट हेटौँडामा सुरु भएको तहगत अधिकारको कार्यविस्तृतीकरण विषयक अन्तर्क्रियामा उपस्थित प्रदेश सरकारका प्रतिनिधि र स्थानीय तहका जनप्रतिनिधि एकजुट भएर अघि बढ्नुपर्ने विषयमा केन्द्रित भएर छलफल गरेका छन् । प्रदेश सरकारका प्रतिनिधि र स्थानीय जनप्रतिनिधिले अधिकार प्राप्तिका लागि संघीय सरकारलाई दबाब दिन सशक्त रूपमा एक भएर जानुपर्नेमा जोड दिए ।

गाउँपालिका महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले संघीयता कार्यान्वयनका सवालमा निर्मम ढंगले समीक्षा गरेर अघि बढ्नुपर्ने बताइन् । उनले स्थानीय तहसरह सशक्त रूपमा प्रदेश सरकार पनि अधिकार प्राप्तिका लागि संघीय सरकार अघिल्तिर उभिनुपर्ने धारणा राखिन् । संवैधानिक अधिकार प्राप्त नभएमा वर्तमान व्यवस्थामाथि नै धावा बोल्नेहरू बलियो हुने र संघीयता कमजोर बन्ने उनको भनाइ थियो ।

नगरपालिका महासंघ नेपालका अध्यक्ष भीमप्रसाद ढुंगानाले अब सरकारले प्राप्त अधिकार कार्यान्वयन गर्दा मात्रै संघीयताको मूल मर्म जोगिने बताए । उनले एक कार्यकाल संघीयताको मर्म बुझ्दैमा सकिएको बताउँदै अझै पनि त्यही दिशामा अघि बढ्ने हो भने व्यवस्था टिकाउनै मुस्किल हुने चेतावनी दिए ।



● **शालिकराम जम्कट्टेल**, मुख्यमन्त्री, बागमती

नेपालमा संघीयता कार्यान्वयनमा त्यति समस्या छैन । अधिकार नभएर काम नै गर्न नसक्ने अवस्था पनि छैन । संविधान कार्यान्वयनका विषयमा भएका छलफल सकारात्मक छन् । त्यसकारण संघीयता कार्यान्वयनको सुरुवात राम्रो छ ।



● **भीमप्रसाद ढुंगाना**, अध्यक्ष, नगरपालिका महासंघ

सरकार टिक्छ वा टिक्दैन भन्दा पनि संघीय व्यवस्थाअनुसार कति अधिकार प्राप्त भयो र त्यसबाट कति नागरिक लाभान्वित भए, यसतर्फ प्रदेश र स्थानीय तहको ध्यान जानु आवश्यक छ । अन्यथा यो व्यवस्था टिकाउनै मुस्किल हुन्छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सातै प्रदेशका मुख्यमन्त्री र स्थानीय सरकारका प्रतिनिधिको भेलाले संघीयता कार्यान्वयनमा सकारात्मक सुरुवात गरेको बताए । उनले संघीयता कार्यान्वयनको विषयमा तीनै तहका सरकारले सकारात्मक ढंगबाट काम गरेको दाबी गर्दै नेपालमा संघीयता कार्यान्वयनमा खासै समस्या नरहेको बताए । 'नेपालमा संघीयता कार्यान्वयनमा त्यति समस्या छैन । अधिकार नभएर काम नै गर्न नसक्ने अवस्था पनि छैन । संविधान कार्यान्वयनका विषयमा भएका छलफल सकारात्मक छन् । त्यसकारण संघीयता कार्यान्वयनको सुरुवात राम्रो छ,' उनले भने ।

सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेला भने शुक्रबार हुने भएको छ । यसअघि पोखरा भेलाले गरेका निर्णय कार्यान्वयनमा संघीय सरकारलाई दबाब दिने र नगरपालिका महासंघ र गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारी तथा विषयविज्ञहरूबाट आएको सुझावमाथि छलफल गरी निष्कर्ष निकाल्ने बताइएको छ । सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेलाको पूर्वसन्ध्यामा बिहीबार हेटौँडामा 'तहगत अधिकारको कार्यविस्तृतीकरण' विषयक अन्तर्क्रिया कार्यक्रममा वित्तीय अधिकार र आर्थिक विकास क्षेत्रका विषयमा हेमराज लामिछाने, वन, वन्यजन्तु, वातावरण, जैविक विविधता, विपत् व्यवस्थापन, खानी तथा खनिज, बजार र प्राकृतिक स्रोत परिचालनका विषयमा दीनानाथ भण्डारी र डा. भरत पोखरेल, सेवा क्षेत्रका विषयमा पूर्णचन्द्र भट्टराई, शिक्षा क्षेत्रका विषयमा संविधान सभा सदस्य कृष्णप्रसाद सापकोटा, आर्थिक क्षेत्रका विषयमा बिके महर्जन, प्रताप पौडेलले स्वास्थ्य क्षेत्र, पूर्वसचिव रामकृष्ण सापकोटाले पूर्वाधार विकास क्षेत्रको प्रस्तुतीकरणसहित सहजीकरण गरेका थिए ।

'एनसेल प्रकरणको छानबिन अन्तिम चरणमा'

काठमाडौं/ दूरसञ्चार सेवाप्रदायक एनसेलको सेयर खरिद-बिक्री प्रकरणको छानबिन अन्तिम चरणमा पुगेको छ । कानुनविपरीत सेयर खरिद-बिक्री तथा स्वामित्व हस्तान्तरण प्रकरणमा सरकारले गठन गरेको छानबिन समितिले अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

मलेसियन टेलिकम कम्पनी आजिआटाले आफ्नो ८० प्रतिशत सेयर थाहै नदिई बेलायतमा हालै दर्ता भएको स्पेक्ट्रलाइट कम्पनीलाई बिक्री गर्न सम्झौता गरेको सूचना बाहिरिएपछि यस सम्बन्धमा मन्त्रिपरिषद्ले २१ मंसिरमा छानबिन समितिको बनाएको थियो । पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित पाँच सदस्यीय छानबिन समितिलाई एनसेलको सेयर खरिद-बिक्री र हस्तान्तरण सम्बन्धमा भएगरेका कामकारबाहीको विस्तृत अध्ययन गरी त्यसबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर, तत्काल चाल्नुपर्ने कदम तथा दूरसञ्चार नियमन र सञ्चालनमा आगामी सुधारको सुझावसहितको अध्ययन प्रतिवेदन ३० दिनभित्र बुझाउने कार्यादेश छ ।



● **रेखा शर्मा** सञ्चारमन्त्री

छानबिन समितिको काम अन्तिम चरणमा छ । समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र बाँकी कारबाहीको प्रक्रिया अघि बढ्छ ।

एनसेल प्रकरणमा बिहीबार छलफल चलाएको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सांसदहरूले नियामक निकाय हुँदाहुँदै किन छानबिन समिति बनाएको, एनसेल सेयर खरिदकर्तासँग सम्बन्ध भएका प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीसँग समितिले सोधपुछ गर्न सक्छ, यसका लागि अधिकारसम्पन्न संसदीय समिति किन नबनाउने भन्ने प्रश्न उठाउँदा सञ्चारमन्त्री शर्माले छानबिन अन्तिम चरणमा पुगिसकेको र प्रतिवेदन प्राप्त भएपछि सरकारले निर्णय लिने जानकारी गराइन् । 'छानबिन समितिको काम अन्तिम चरणमा छ । समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र बाँकी कारबाहीको प्रक्रिया अघि बढ्छ,' उनले भनिन् ।

सांसदहरूले छानबिन समिति यो प्रकरणको ढाकछोपका लागि गठन गरिएको आशंका गर्दै संसदीय छानबिन समिति बनाउनुपर्ने माग राखेका थिए । कांग्रेस सांसद चन्द्र भण्डारीले त अघिल्लो कार्यकालमा ६२ अर्ब कर छल्न एनसेलले यो प्रकरणमा हात हाल्ने सबै संसदीय समितिलाई पैसा खुवाएको र अन्तर्राष्ट्रिय अदालतमा गएर न्याय पाएको बताएका थिए । 'यहाँ त देशभित्रकैले लुट्न खोजे, बरु बाहिरकाले न्याय दिए,' उनले भने, 'अहिले पनि चले खल छ, हामी सचेत हुनुपर्छ ।'

■ जाँच आयोगको निष्कर्ष

यतीको जहाज दुर्घटनामा मानवीय त्रुटि

नयाँ पत्रिका

काठमाडौं/ पोखरामा भएको यती एयरलाइन्सको एटिआर-७२ जहाज दुर्घटनामा मानवीय त्रुटि देखिएको दुर्घटना जाँच आयोगले निष्कर्ष निकालेको छ । आयोगका संयोजक पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरेले बिहीबार पर्यटनमन्त्री सुदन किराँतीलाई बुझाएको अन्तिम प्रतिवेदनमा जहाज दुर्घटनाका सम्भावित एक दर्जन कारण औंल्याइएको छ ।

काठमाडौंबाट पोखरा उडेको यतीको ९ एन-एएनसी कलसाइन नम्बरको जहाज १ माघ ०७९ मा दुर्घटनाग्रस्त हुँदा चालक दलसहित ७२ जनाको ज्यान गएको थियो । दुर्घटनाको सबैभन्दा सम्भावित कारण पाइलट र को-पाइलट दुवैले अनजानवश गरेको गल्तीलाई प्रतिवेदनमा औंल्याइएको छ । नयाँ विमानस्थलको पश्चिमतर्फको एप्रोच लिएर अवतरण गर्ने क्रममा पाइलटले जहाजको स्पिड घटाउन फ्ल्याप लिभर तान्नुपर्ने ठाउँमा कन्डिसन लिभर तान्दा इन्जिनबाट पावर नआएपछि जहाज भुइँमा बज्रिन पुगेको आयोगको निष्कर्ष छ । 'पाइलटले अनजानमा फ्ल्याप लिभरको सट्टा कन्डिसन लिभर तानेको देखिन्छ, त्यो विषयमा दुवै पाइलट बेखबर छन्,' आयोगका सदस्य रहेका सेनाका अवकाशप्राप्त उपरथी ई. दीपकप्रकाश बास्तोलाले भने, 'पाइलटले कन्डिसन लिभर तान्नेबित्तिकै जहाजलाई धकेल्न थ्रस्ट पुगेन, जहाज थ्रस्टलेस अवस्थामै ४९ सेकेन्डसम्म उडेर भुइँमा खसेको देखिन्छ ।' अन्तिम समयसम्म पनि पाइलटद्वयलाई जहाज थ्रस्टलेस अवस्थामा उडिरहेकोबारे जानकारी नभएको छानबिनका क्रममा भेटिएको उनको भनाइ छ । थ्रस्ट भनेको उडिरहेको जहाजलाई अगाडि हुत्याउने पावर हो । प्रोपेलर फेदरिङ (९० डिग्री) हुँदा इन्जिन पावरलेस हुने विज्ञ बताउँछन् ।

फ्ल्याप लिभरले जहाजलाई अवतरण गर्ने क्रममा स्पिड घटाउँदै धावनमार्गमा ल्यान्ड गर्न सहयोग पुऱ्याउँछ । तर, कन्डिसन लिभर तान्नेबित्तिकै जहाजको दुवै इन्जिनका प्रोपेलर फेदर (९० डिग्री) भई जहाज पावरविहीन बनेको आयोगका संयोजक घिमिरेले बताए । उनका अनुसार प्रोपेलर फेदरिङ हुनु भनेको इन्जिन चालू अवस्थामै रहे पनि पावरलेस हुनु हो । जहाज थ्रस्टलेस अवस्थामै ४९ सेकेन्डसम्म आकाशमा उडेको र स्पिड कम हुँदै पावर शून्यमा झरेपछि भुइँमा बज्रिन पुगेको आयोगका सदस्य एवं अवकाशप्राप्त वरिष्ठ क्याप्टेन सुनील प्रधानले बताए ।

नयाँ विमानस्थलमा जहाज अवतरण गर्दा पाइलटलाई ट्रेनिङ कमी हुनु, पाइलटले स्ट्यान्डर्ड चेकलिस्ट फलो नगर्नु, जहाजले दिएको सिग्नलप्रति ध्यान नदिनु, दुवै क्याप्टेन ओभर कन्फिडेन्समा हुनु, ग्राउन्डमा गरिने ब्रिफिङ ककपिटमा हुनु, जसले पाइलटको ध्यान मोडिनुलगायत कारण प्रतिवेदनमा औंल्याइएको छ । नयाँ एयरपोर्टमा जोखिमपूर्ण एप्रोचबाट अवतरण गर्नुपूर्व रिस्क म्यानेजमेन्ट गर्नुपर्ने नियमनकारी निकाय, पाइलट र सम्बन्धित वायुसेवा कम्पनीको भए पनि तीनवटै पक्षबाट कमजोरी भएको जाँच अयोगका सदस्य प्रधानले बताए ।

सन्दीप लामिछानेको मुद्दा बिहीबार पनि हेर्दाहेर्दैमा

काठमाडौं/ क्रिकेटर सन्दीप लामिछाने प्रतिवादी रहेको जबर्जस्ती करणी मुद्दामा शुक्रबार पनि सुनुवाइ हुने भएको छ । प्रतिवादी पक्षको बहस र निवेदकको जवाफी बहसपछि सम्भवतः फैसला पनि आउनेछ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासमा यो मुद्दा गत आइतबारदेखि सुनुवाइ भइरहेको छ । हेर्दाहेर्दैमा राखिएको यो मुद्दामा सरकारी वकिलले आइतबार बहस गरेका थिए भने त्यसपछिका दुई दिन सार्वजनिक बिदा परेका कारण सुनुवाइ हुन सकेको थिएन ।

बुधबार निवेदकका तर्फबाट उनका निजी वकिलहरूले बहस गरेका थिए भने बिहीबार प्रतिवादी लामिछानेका कानुन व्यवसायीले प्रतिरक्षा गरेका हुन् । वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, रमन श्रेष्ठ, सविता भण्डारी बराल र कृष्णप्रसाद सापकोटाले लामिछानेको प्रतिरक्षा गरेका थिए । शुक्रबार पनि प्रतिवादीका कानुन व्यवसायीहरूले बहस जारी राख्नेछन् भने समय रहे जवाफी बहस पनि हुनेछ । त्यसपछि सम्भवतः फैसला आउनेछ वा निर्णय सुनाउने मिति तोकिनेछ । यसअघि २३ कात्तिकमा न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले दुवै पक्षका कानुन व्यवसायीलाई २२ मंसिरभित्र बहस नोट पेस गर्ने आदेश गरेको थियो ।

दुई सहकारीका सञ्चालकविरुद्ध ठगी मुद्दा

काठमाडौं/ प्रहरीले काठमाडौंका दुई सहकारी संस्थाका सञ्चालकविरुद्ध ठगी मुद्दा दायर गरेको छ । बानेश्वरस्थित नेपाल सहकारी वित्तीय संस्था तथा कलंकीस्थित बज्रयान बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालकविरुद्ध मुद्दा दायर गरेको हो । नेपाल सहकारी संस्थाका उपाध्यक्ष रोहित भट्टराईलाई प्रहरीले पक्राउ गरेको छ । संस्थाका अध्यक्ष तुलसीप्रसाद भट्टराई, सचिव विष्णुप्रसाद गौतम, कोषाध्यक्ष लोकनाथ गौतम, सञ्चालन समिति सदस्यहरू देवेन्द्रबहादुर भण्डारी, प्रमोद खनाल, सिर्जना पन्त र प्रबन्धक विष्णु तिवारी फरार छन् । तीन करोड ८५ लाख ९० हजार रुपैयाँ ठगीको अभियोगमा काठमाडौं प्रहरीले उनीहरूविरुद्ध बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । बचतकर्ता सुरेशचन्द्र पोद्दारलगायतलाई ठगी गरेको प्रहरीले जनाएको छ । ठगीका मुख्य नाइके भने कोषाध्यक्ष लोकनाथ गौतम भएको प्रहरी अधिकारी बताउँछन् ।

यस्तै, बचतकर्ताकै पैसा हिनामिना गरेको अभियोगमा कलंकीको बज्रयान बहुउद्देश्यीय सहकारीका अरुणप्रकाश श्रेष्ठलाई पक्राउ गरी अन्य ६ जनालाई फरार प्रतिवादीका रूपमा मुद्दा दायर गरिएको छ । सो सहकारीका अध्यक्ष राजकुमार घिमिरे, पूर्वअध्यक्ष गौरीप्रभा श्रेष्ठ, कोषाध्यक्ष सतिशचन्द्र श्रेष्ठ, लेखा समिति संयोजक रवीन्द्र बज्राचार्य, लेखा समिति सदस्य राजुभाइ महर्जन र सञ्चालक समिति सदस्य रविन कार्कीविरुद्ध मुद्दा दायर भएको छ । उनीहरूविरुद्ध पाँच करोड २८ लाख ७२ हजार सात सय ८१ रुपैयाँ बिगो कायम गरिएको छ ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०।०९।१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०९।२८ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. सम्पत्ति धितो कर्जा २. आवास कर्जा	**ऋणीको नामः रत्न कुमारी लिम्बु** ना.प्र.प.नं (जारी मिति/स्थान): २२२६/१३३(२०५४/०५/३०/सुनसरी) बाबुको नामः टेक बहादुर लिम्बु ससुराको नामः ललित बहादुर लिम्बु पतिको नामः टेउकु राज लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, पाथिभरा चौक। व्यक्तिगत जमानतकर्ताहरूः १. **टेउकु राज लिम्बु** ना.प्र.प.नं (जारी मिति/स्थान): २०२४७/२४९९(२०५१/०६/०३/सुनसरी) बाजेको नामः विद्या बहादुर लिम्बु बाबुको नामः ललित बहादुर लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, पाथिभरा चौक। २. **सुस्मिता लिम्बु** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०२-७६-०३१४५(२०७६/१०/२१/सुनसरी) बाजेको नामः ललित बहादुर लिम्बु बाबुको नामः टेउकु राज लिम्बु ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५।	टेक बहादुर लिम्बुको छोरी, ललित बहादुर लिम्बुको बुहारी, टेउकु राज लिम्बु को पत्नि, सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं.१५, पाथिभरा चौक बस्ने **रत्न कुमारी लिम्बु**को नाममा मालपोत कार्यालय धरान, सुनसरी को लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, बक्सगरा गा.वि.स./न.पा. वडा नं. १ क स्थित कि.न. २७६० र २७६३ को क्षेत्रफल १७७.७९ र १६०.८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः अर्चना ट्रेड्स एण्ड सप्लायर्स प्रा.लि,** (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १७५४४४/०७४/०७५ दर्ता मिति : २०७४/०६/०१ स्थायी लेखा नं.: ६०६८८१२६१ ठेगानाः बाँके जिल्ला,नेपालगन्ज उ.म.न.पा. वडा नं. १०। सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताः **सौभाग्य जंग शाह** ना.प्र.प.नं (जारी मिति/स्थान): २११६५(बर्दिया)(प्र.प्र २०७४/११/१५/बाँके) बाजेको नामः पुष्प जंग शाह बाबुको नामः धर्मराज शाह ठेगानाः बर्दिया जिल्ला, दौलतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा. वडा नं. १०। व्यक्तिगत जमानतकर्ताहरूः १. **अर्चना शाह** ना.प्र.प.नं (जारी मिति/स्थान): ४/५५१(२०४६/०२/०९/बर्दिया) बाबुको नामःछत्र बहादुर शाह ससुराको नामःपुष्प जंग शाह पतिको नामःधर्मराज शाह ठेगानाः बर्दिया जिल्ला,दौलतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा. वडा नं. १०। २. **धर्मराज शाह** ना.प्र.प.नं (जारी मिति/स्थान): ४०४४१(२०४०/०२/१९/बर्दिया) बाजेको नामःशम्शेर जंग शाह बाबुको नामःपुष्प जंग शाह ठेगानाः बर्दिया जिल्ला, दौलतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा. वडा नं. १०।	१. शम्शेर जंग शाह को नाति, पुष्प जंग शाहको छोरा, बर्दिया जिल्ला, दौलतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा. वडा नं. १० बस्ने धर्म राज शाह को नाममा मालपोत कार्यालय टीकापुर,कैलाली को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको घरजग्गाहरूः क. कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ भ स्थित कि.न.५५४ को क्षेत्रफल २५० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ख. कैलाली जिल्ला, सितापुर (मनिकापुर) न.पा. वडा नं. ८ स्थित कि.न.१४१५ को क्षेत्रफल ३३८.६३ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	१. आवधिक कर्जा २. ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः धौलागिरी ग्रिल उद्योग** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग मा दर्ता रहेको) दर्ता नं.: ९२२/०५१/५२ दर्ता मितिः २०५१/१२/१५ स्थायी लेखा नं.: ३०१३५६४५१ ठेगानाः रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं १ । प्रोप्राईटरः **पदम बहादुर बि.क** ना.प्र.प.नं (जारी मिति/स्थान): ६/३/६३८ (२०४६/०१/२३/रुपन्देही) बाजेको नामः हरिलाल बाबुको नामः रन बहादुर बि.क ठेगानाः रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं २ । व्यक्तिगत जमानतकर्ताः **सूर्य लक्ष्मी विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): १२०४० (२०५९/१२/०९/रुपन्देही) बाबुको नामः हरि प्रसाद बि.क ससुराको नामः रन बहादुर बि.क पतिको नामः पदम बहादुर बि.क ठेगानाः रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं १ ।	१. हरिलाल को नाति, रन बहादुर बि.क को छोरा, रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं २ बस्ने **पदम बहादुर बि.क** को नाममा मालपोत कार्यालय रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सौ फर्साटिकर गा.वि.स., वडा नं. १ ख स्थित कि.न. ७२३, ७३५, ७५० र ७३४ को क्षेत्रफल क्रमशः ०-०-४^१/४, ०-०-८, ०-१-०-० र ०-०-१५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. हरि प्रसाद बि.क को छोरी, रन बहादुर बि.क को बुहारि, पदम बहादुर बि.क को पत्नी, रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं १ बस्ने **सूर्य लक्ष्मी विश्वकर्मा** को नाममा मालपोत कार्यालय रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सौ फर्साटिकर गा.वि.स., वडा नं. १ ख स्थित कि.न. ७०६ को क्षेत्रफल ०-०-१७ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	व्यक्तिगत ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः पदम बहादुर बि.क** ना.प्र.प.नं (जारी मिति/स्थान): ६/३/६३८ (२०४६/०१/२३/रुपन्देही) बाजेको नामः हरिलाल बाबुको नामः रन बहादुर बि.क ठेगानाः रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं २ । व्यक्तिगत जमानतकर्ताः **सूर्य लक्ष्मी विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): १२०४० (२०५९/१२/०९/रुपन्देही) बाबुको नामः हरि प्रसाद बि.क ससुराको नामः रन बहादुर बि.क पतिको नामः पदम बहादुर बि.क ठेगानाः रुपन्देहि जिल्ला, सौ फर्साटिकर गा.वि.स, वडा नं १ ।	

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि

FMO Entrepreneurial Development Bank The Netherlands

Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० पुस २० गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०५३ बमोजिम मिति २०५९/०५/०७ मा दर्ता नं. २०३५२/०५९/०६० कायम भई आन्तरिक राजश्व कार्यालय पोखराबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०००१५३३५ रही तनहुँ जिल्ला राम्जाकोट गा.पा/न.पा वडा नं.०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **मना कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धनपति अधिकारीको नाति, कमलापति अधिकारीको छोरा, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/ न.पा. वडा नं. ०५, बस्ने **महेन्द्र अधिकारी** (ना.प्र.नं. ११२९ जारी मिति २०४३/०७/१४, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
२. शेष कान्त ओझाको छोरी, कमलापति अधिकारीको बुहारी, महेन्द्र अधिकारीको पत्नि, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/न.पा. वडा नं. ०५, बस्ने **नारायणी अधिकारी** (ना.प्र.नं. ३२७२, जारी मिति २०४७/०८/०७, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
३. कमलापति अधिकारीको नाति, महेन्द्र अधिकारीको छोरा, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/ न.पा. वडा नं.०५, बस्ने **सुशान्त अधिकारी** (ना.प्र.

राष्ट्रिय सभा चुनावका लागि सातै प्रदेशमा निर्वाचन अधिकृत नियुक्त

काठमाडौं/ निर्वाचन आयोगले ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनका लागि सातै प्रदेशमा निर्वाचन अधिकृत नियुक्त गरेको छ। आयोगको बिहीबार बसेको बैठकले न्यायपरिषद्बाट सिफारिस भएबमोजिम सात प्रदेशमा सातजना न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गरेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

उनका अनुसार कोशीमा मोरङ जिल्ला अदालतका न्यायाधीश दुर्गाप्रसाद ढुंगेलले निर्वाचन अधिकृतको जिम्मेवारी पाएका छन्। मधेशमा धनुषा जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद सुवेदी, बागमतीमा मकवानपुर जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर कार्की, गण्डकीमा कास्की जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद बास्तोलालाई नियुक्त गरिएको छ।

लुम्बिनी प्रदेशका लागि दाङ जिल्ला अदालतका न्यायाधीश कृपासुर कार्की, कर्णालीमा सुर्खेत जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अर्याल र सुदूरपश्चिममा कैलाली जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद अर्याल नियुक्त भएको प्रवक्ता पौडेलले जानकारी दिए। राष्ट्रिय सभा निर्वाचनका लागि २३ पुसमा उम्मेदवारी मनोनयनपत्र दर्ताको समय तोकिएको छ। निर्वाचन अधिकृतले १६ पुसमा सम्बन्धित प्रदेशको प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेर काम थाल्ने आयोगले जनाएको छ।

अध्यागमनका दुई अधिकृतविरुद्ध किर्ते र संगठित अपराधमा मुद्दा

नयाँ पत्रिका

फर्जी कागजातमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दामा संलग्न अध्यागमनका अधिकृतविरुद्ध लिखत किर्ते तथा संगठित अपराधअन्तर्गत मुद्दा दायर गरिएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका अधिकृत नरवीर खड्का र ताराबहादुर कुँवरविरुद्ध मुद्दा दायर गरिएको हो। दुईमध्ये नरवीरलाई प्रहरीले पक्राउ गरिसकेको छ। ताराबहादुर भने फरार छन्। उनीविरुद्ध पक्राउ पुर्जी जारी गर्न कार्यालयले अदालतसमक्ष माग गरेको छ।

अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले अध्यागमनका अधिकृतविरुद्ध लिखत किर्ते तथा संगठित अपराधअन्तर्गत मुद्दा दायर भएको जानकारी दिए। 'लिखत किर्तेमा अध्यागमन कार्यालयका केही अधिकृत संलग्न रहेको खुलेको छ। उनीहरूविरुद्ध लिखत किर्ते तथा संगठित अपराधअन्तर्गत मुद्दा दायर भएको छ। घटनाको अनुसन्धान जारी छ,' उनले भने।

धन्दामा अध्यागमन कार्यालयकै अर्का शाखा अधिकृत विमल पौडेल पनि संलग्न रहेको खुलेको छ। उनले पनि ट्राभल एजेन्सीबाट पटक-पटक गरी करोडभन्दा धेरै घुस रकम बुझेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। पक्राउ हुने भएपछि अहिले उनी फरार छन्। उनी पूर्वगृहसचिव महेश्वर न्यौपानेको सिफारिसमा विमानस्थलस्थित अध्यागमन पुगेका थिए। उनी यसअघि न्यौपानेको निजी सचिवसमेत रहेका थिए। सरुवापछि पनि न्यौपानेकै दबाबका कारण उनी पुनः विमानस्थलमै कार्यरत रहेका थिए।

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाउने धन्दामा नेपाल वायु सेवा निगमका कर्मचारी पनि संलग्न रहेको खुलेको छ। धन्दामा संलग्न रहेको पाइएपछि प्रहरीले निगमका अधिकृत ४२ वर्षीय होमनाथ पोखरेल र सुब्बा अरवीन्द्र यादवलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार पोखरेलले रोलेक्स ट्राभलका कर्मचारी सञ्जय तामाङ र राजकिशोर साहबाट १८ लाख रुपैयाँ घुस बुझेका थिए। उक्त रकम रोलेक्सका सञ्चालक देवराज खनालले उपलब्ध गराएका थिए। त्यस्तै, निगमका सुब्बा यादवले अन्ट्राट्रिप ट्राभलका सञ्चालक ३० वर्षीय मनुराज चौधरीबाट १२ लाख रुपैयाँ घुस बुझेका थिए। घटनमा संलग्न रहेकामध्ये ३७ अभियुक्तलाई प्रहरीले पक्राउ गरिसकेको छ।

संक्षेप

धरानका मेयरले कार्यकक्षबाट हटाए राष्ट्रपति र प्रधानमन्त्रीको तस्बिर



धरान/ धरान उपमहानगरपालिकाका मेयर हर्कराज साम्पाङ राईले आफ्नो कार्यकक्षबाट राष्ट्रपति र प्रधानमन्त्रीको हटाएर किराँती राजा यलम्बरको तस्बिर राखेका छन्। संघीय सरकारले धरानलाई उपेक्षा गरेको भन्दै उनले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको तस्बिर हटाएका हुन्। राईले बुधबार फेसबुकमा स्टाटस लेख्दै धरानलाई सरकारले उपेक्षा गरेको बताएका थिए। उनले 'भोलि म राष्ट्रपति र प्रधानमन्त्रीको फोटो हटाएर यलम्बरको फोटो राख्दै छु। जुन दिन केन्द्रले धरानलाई महत्त्व दिन्छ, त्यो दिन पुनः उनीहरूको फोटो टाँस्नेछु' भन्दै फेसबुकमा लेखेका थिए। बिहीबार आफ्नो कार्यकक्षमा किराँती राजा यलम्बरको फोटो राखेपछि उनी कार्यकक्षमा ताल्चा लगाएर बाहिरिएका थिए। उनले यसअघि पनि धरानलाई संघीय सरकारले महत्त्व नदिएको भन्दै स्वायत्तता प्रदान गर्न माग गर्दै सामाजिक सञ्जालमा स्टाटस लेखेका थिए।

शिव शिखर कृषि सहकारीविरुद्ध बाँकेमा तीन हजार ४२९ उजुरी दर्ता

बाँके/ शिव शिखर कृषि सहकारी संस्थाविरुद्ध बाँकेमा तीन हजार चार सय २९ उजुरी दर्ता भएको छ। सहकारीले ठगी गरेको भए रकम दाबीसहित जाहेरी दिन आह्वान गरिएपछि संख्या थपिँदै गएको बाँके प्रहरीले जनाएको छ। समानता बचत तथा ऋण सहकारी संस्थाविरुद्ध हालसम्म ३२ वटा जाहेरी दर्ता भएको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए। उनले रकम दाबीसहित निवेदन छुट्टेकालाई रकम जम्मा गरेको प्रमाणसहित जाहेरी दिन आग्रह गरेका छन्। उनले शिव शिखर कृषि सहकारी संस्थाका अध्यक्ष केदारनाथ शर्मा र समानता बचत तथा ऋण सरकारीका अध्यक्ष गितेन्द्रबाबु राई तथा ती दुवै सहकारीमा कार्यरत कर्मचारीविरुद्ध बचतकर्ताले जोहरी दर्ता गराएको बताए। 'जाहेरी दरखास्त दिन छुटेका अन्य बचतकर्ताले उक्त संस्थामा रकम जम्मा गरेको प्रमाण कागजातसहित जाहेरी दरखास्त पेस गर्न जिल्ला प्रहरी कार्यालय बाँके आह्वान गर्दछ,' सूचनामा उल्लेख छ।

मृत अवस्थामा वृद्ध फेला, हत्याको आशंका

सर्लाही/ हरिपूर्वा नगरपालिका- ३ धनकौल बस्ने ७५ वर्षका राजनारायण राय आफ्नै गोठमा मृत फेला परेका छन्। घटना बुधबार दिउँसोको भए पनि प्रहरीले बिहीबार बिहान मात्र बाहिर ल्याएको हो। घटना शंकास्पद देखिएकाले तालिम प्राप्त कुकुरको सहायताले अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले जानकारी दिए। सूचना पाउनेबित्तिकै प्रहरी टोली घटनास्थल पुगेको थियो। शवको प्रकृति शंकास्पद तथा टाउकोपछाडि चोट देखिएपछि सूक्ष्म ढंगले अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ। हत्याको आशंकासहित अनुसन्धान सुरु गरेको प्रहरीले धनुषाको लालगढस्थित प्रहरी गणबाट तालिम प्राप्त कुकुर मगाएको थियो। बुधबार दिउँसो घटनास्थलको मुचुल्का तयार गरी प्रारम्भिक अनुसन्धान गर्दागर्दै ढिला भएपछि प्रहरीले शव रातभरि घटनास्थलमै राखेको थियो। अनुसन्धान सम्पन्न नभई घटनाको विषयमा यसै भन्न सकिने अवस्था नरहेको डिएसपी पञ्जियारले जानकारी दिए। रायको घरगोठ एकान्त खेतको बीचमा रहेको प्रहरीले जनाएको छ। मुचुल्कापछि शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइने जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

जन्मकैद सजाय तोकिएका फरार प्रतिवादी पाँच वर्षपछि पक्राउ

लहान/ खुन डाँका मुद्दामा जन्मकैद सजाय तोकिएका फरार प्रतिवादीलाई प्रहरीले पाँच वर्षपछि पक्राउ गरेको छ। सिराहाको कल्याणपुर नगरपालिका- १२ बस्ने करिब ५६ वर्षीय मो. इब्राहिम मियाँलाई गोप्य सूचनाका आधारमा सिराहा जिल्ला अस्पताल क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक उदयभान द्विवेदीका अनुसार उच्च अदालत जनकपुर राजविराज इजलासको खुन डाँका मुद्दामा १८ पुस ०७५ को फैसलाबमोजिम २० वर्ष कैद सजाय तोकिएका मियाँलाई पक्राउ गरिएको हो। मियाँ अस्पताल क्षेत्रमा रहेको गोप्य सूचना प्राप्त भएलगत्तै मंगलबार जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको उनले बताए। मियाँलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धानपछि बुधबार सिराहा जिल्ला अदालमा पेस गरी अदालतको आदेशअनुसार कैद भुक्तानका लागि सिराहा कारागार पठाइएको प्रहरीले जनाएको छ।

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७, चोहर्वा, सिराहा, फोन नं. ०३३-४०१०८४, ४०१०४५
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१३ गते

श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,

यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८० साल पौष १२ गते बसेको ९८ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान:

सभा हुने मिति : २०८० साल २८ गते शनिबार (तदअनुसार जनवरी १३, २०२४)।
सभा हुने समय : बिहान १०.३० बजे।
सभा हुने स्थान : संस्थाको केन्द्रीय कार्यालय, गोलबजार नगरपालिका वडा नं. ७, चोहर्वा, सिराहा

विशेष साधारण सभाको छलफलका विषयहरु:

(क) विशेष प्रस्तावहरु:

१. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने सम्बन्धमा।
३. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), गाभ्ने/गाभिने (Merger) सम्बन्धमा गठित संयुक्त मर्जर समिति (Joint Merger Committee) र संचालक समितिले गरेका निर्णयहरु एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चको अनुमोदन तथा प्रारम्भिक समझदारीपत्र र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा।
४. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न नियुक्त गरिएको मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा।
५. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पन्न अन्तिम सम्झौतापत्र, सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन पेश गर्न र गाभ्न/गाभिने (Merger) सम्बन्धमा प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन वा समायोजन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
६. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा।
७. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना र संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र लगायतका विषयहरुमा परिवर्तन भए बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
८. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९. संस्थापक एवम् सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:

१. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहको शेयरधनी हुनुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी कितावमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वत: बदर हुनेछ।
२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (Demat) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ। साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताब आवश्यक भएमा संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहा र सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.shrijanshil.com.np बाट समेत प्राप्त गर्न सकिनेछ।
४. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ। प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ। प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरिएको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ भने पछिल्लो प्रतिनिधि कायम हुनेछ।
५. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।
६. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शयरलगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन्।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन। उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।
८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।
९. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

द्रष्टव्य :
यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०९/२२ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ।

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
MANUSHI LAGHUBITTA BITTIYA SANSTHA LTD

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था
केन्द्रीय कार्यालय बनेपा-१३, भैसेपाटी, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२७८५, ०११-६६३१२७

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१३ गते

श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,

यस मानुषी लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८० साल पौष १२ गते बसेको ७३ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान:

सभा हुने मिति : २०८० साल २८ गते शनिबार (तदअनुसार जनवरी १३, २०२४)।
सभा हुने समय : बिहान १०:३० बजे।
सभा हुने स्थान : पुतली घर रिसोर्ट, बनेपा नगरपालिका वडा नं. १४, साँगा, काभ्रेपलाञ्चोक।

विशेष साधारण सभाको छलफलका विषयहरु:

(क) विशेष प्रस्तावहरु:

१. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने सम्बन्धमा।
३. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), गाभ्ने/गाभिने (Merger) सम्बन्धमा गठित संयुक्त मर्जर समिति (Joint Merger Committee) र संचालक समितिले गरेका निर्णयहरु एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चको अनुमोदन तथा प्रारम्भिक समझदारीपत्र र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा।
४. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न नियुक्त गरिएको मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा।
५. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पन्न अन्तिम सम्झौतापत्र, सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन पेश गर्न र गाभ्न/गाभिने (Merger) सम्बन्धमा प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन वा समायोजन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
६. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा।
७. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना र संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र लगायतका विषयहरुमा परिवर्तन भए बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
८. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९. संस्थापक संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:

१. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय बनेपा न.पा. वडा नं. १३, भैसेपाटी, काभ्रेपलाञ्चोकमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहको शेयरधनी हुनुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी कितावमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वत: बदर हुनेछ।
२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (Demat) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ। साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताब आवश्यक भएमा संस्थाको केन्द्रीय कार्यालय साँगा, बनेपा-१३, भैसेपाटी, काभ्रेपलाञ्चोक र नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि., लेखनाथ मार्ग, ठमेल, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट https://manushilbs.com बाट समेत प्राप्त गर्न सकिनेछ।
४. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ। प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ। प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरिएको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ भने पछिल्लो प्रतिनिधि कायम हुनेछ।
५. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।
६. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शयरलगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन्।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन। उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बा


अमेजन प्राइममा हल्कारा

ओटिटी प्लेटफर्म अमेजन प्राइममा हल्कारा रिलिज भएको छ। यसमा चलचित्रलाई रेन्ट र बाई सुविधाअन्तर्गत विश्वभरबाट हेर्न सकिन्छ। विक्रम सापकोटा निर्देशित यो फिल्मले ५५औँ 'वर्ल्डफेस्ट ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभल २०२२' मा उत्कृष्ट चलचित्र, उत्कृष्ट अभिनेता (महेश त्रिपाठी) र उत्कृष्ट सिनेमाटोग्राफर (चिन्तन राजभण्डारी) अवार्ड जितेको थियो।



डिग्री माइलामा दयाहाङ

डिग्री माइलाको फर्स्ट लुक पोस्टर सार्वजनिक भएको छ। डिग्री माइला बनेका दयाहाङलाई पोस्टरमा गम्भीर मुद्रामा प्रस्तुत गरिएको छ। फिल्मले थर्ड डिभिजनमा मास्टर डिग्री पास गरेका एक शैक्षिक बेरोजगारको कथा देखाउँछ। रामबाबु गुरुङको निर्देशनमा बन्ने फिल्ममा आँचल शर्मा, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रकाश घिमिरेलगायतको अभिनय रहनेछ।



दाँत स्वस्थ राख्न के गर्ने ?



दाँतले मानिसको स्वास्थ्य र सुन्दरतामा महत्त्वपूर्ण प्रभाव पारिरहेको हुन्छ। दाँतमा ग्याप हुने, किरा लाग्ने, गिजासम्बन्धी रोग, खराब सासलगायत विभिन्न समस्या देखिन्छन्। दाँत राम्रो हुँदा मुख राम्रो देखिन्छ। आत्मविश्वास, राम्रो पाचन प्रणाली र समग्र व्यक्तित्वका लागि दाँत स्वस्थ राख्न जरुरी छ। भिटामिन, मिनरल्स र पोषणयुक्त आहारले समग्र शरीर र दाँतलाई पनि स्वस्थ राख्छ।

के खाने ?

- **हरियो सागपात** : हरियो सागपातले शरीर मजबुत बनाउँछ। यसमा पाइने फोलिक एसिड दाँत र गिजाका लागि पनि राम्रो हुन्छ।
- **फलफूल** : स्याउ र गाँजरजस्ता फलफूलले ब्याक्टेरिया हटाउन मद्धत गर्छ। काँक्रो, खरबुजालगायत पानीको मात्रा प्रशस्त भएका फलफूलले दाँतलाई सफा राख्ने काम गर्छन्।
- **नट्स र बियाँ** : क्याल्सियम र फोस्फोरसको मात्रा उच्च हुन्छ। यसले दाँतको इनामेललाई बढाउने काम गर्छ।
- **डेरीजन्य उत्पादन** : दूध, चिज, दहीलगायत डेरीजन्य उत्पादनमा क्यान्सियम, फोस्फोरस र केसिन हुन्छ। यसले मुखमा एसिडलाई निष्क्रिय बनाउन सहयोग गर्छ। त्यस्तै, दाँत बलियो बनाउँछ।
- **अन्डा** : अन्डामा प्रोटिन, क्याल्सियम र भिटामिन डी प्रशस्तै मात्रामा पाइन्छ। यसले दाँतलाई बलियो र स्वस्थ बनाउन सघाउ पुऱ्याउँछ।
- **पानी** : प्रशस्त मात्रामा पानी पिउँदा शरीरसँग मुख पनि हाइड्रेटेड रहन्छ। जसकारण, गिजामा जम्मा भएका खानेकुराका टुक्राहरू निस्कन्छन् र दाँत सफा रहन्छ।

के नखाने ?

- दाँतका लागि चिनीजन्य पदार्थ सबैभन्दा खराब हो। त्यसैले यसको प्रयोग कम गर्नुपर्छ। अर्को गुट्खा, सुपारी, पानलगायत सुर्तीजन्य पदार्थले दाँत बिगार्ने, डिस्कलर गर्छ र जटिल अवस्थामा मुखको क्यान्सरसमेत गराउने भएकाले यस्तो लत त्याग्नुपर्छ।
- मानिसचियाका सौखिन हुन्छन्। तर, दाँतका लागि चिया राम्रो होइन। त्यही कारण चिया कम पिउनुस्। इनर्जी ड्रिंक्स पनि दाँतका लागि हानिकारक छ। गुलियो खानेकुराले मुखमा एसिड बढ्छ र त्यसले ब्याक्टेरिया उत्पादन गर्छ। दाँतमा हुने ब्याक्टेरियाले उत्पादन गर्ने इन्जाइमले दाँतका हाड खियाउँछ र अन्त्यमा गिजासम्बन्धी रोग लाग्छ।

तसर्थ, गुलिया खानेकुराबाट टाढै बस्नु राम्रो हुन्छ। मिठाई, चकलेटलगायत गुलिया कुरा खाएपछि मुख कुल्ला गर्न नबिर्सनुहोस्। त्यस्तै, मैदाबाट बनेका खानेकुरा पनि कम खानु राम्रो हुन्छ। जंकफुडबाट टाढा रहनु समग्र स्वास्थ्यकै लागि राम्रो हुन्छ।

प्रत्येक ६ महिनामा नियमित चेकजाँच गरौं

नियमित रूपमा दाँत सफा गर्ने, खानपानमा ध्यान दिने, दन्त चिकित्सकसँग ६-६ महिनामा परामर्श र मेसिनले सफा गर्ने गर्नुपर्छ। दाँत सफा गर्दा इनामेल जान्छ, दाँत कमजोर हुन्छ भन्ने भ्रम पनि छ। तर, यो सही होइन। मेसिनले सफा गर्दा गिजा स्वस्थ रहन्छ। दाँतमा अड्केका फोहोर निस्कन्छ। गिजासम्बन्धी समस्या आउँदैन। फोहोरले दाँतको हड्डी खिइनेलगायत समस्या हट्छ। फोहोर हट्दा गिजा र हड्डीमा पनि समस्या आउँदैन। ओभरअल मुखको स्वास्थ्य राम्रो हुन्छ। खानपानमा पनि उत्तिकै ध्यान दिन जरुरी छ।

डाक्टरको सल्लाह



डा. रवि आचार्य
दन्तरोग विशेषज्ञ
विराट नर्सिङ होम

कतिपय मानिसको केही-केही खाइरहने वा चपाइरहने बानी हुन्छ। दाँतको स्वास्थ्यका लागि यो राम्रो होइन। स्टेभेन कर्ब्स वैज्ञानिकले प्रयोगात्मक अध्ययनबाट निकालेको निष्कर्ष छ- केही खानेकुरा खायौँ भने मुखमा ब्याक्टेरिया सक्रिय रहन्छन् र ४५ मिनेटसम्म एसिड बन्छ। त्यो एसिडले दाँतको क्याल्सियम र फस्फोरस निकालिदिन्छ। र, दाँतमा क्याभिटी (किरा लाग्ने समस्या) देखिन सक्छ। त्यसैले दिनमा १० वा १२ चोटि खाने गर्दा ब्याक्टेरिया लाग्ने सम्भावना धेरै रहन्छ। या त चपाइरहने बानी छाड्नुपर्‍यो वा केही खानेबित्तिकै कुल्ला गर्नुपर्‍यो। कुल्ला गर्दा खानेकुरा बाहिर निस्कन्छ र ब्याक्टेरियाले आक्रमण गर्न पाउँदैन। जति कम एसिड एट्याक हुन्छ, त्यति नै क्याभिटी बन्ने (किरा लाग्ने) सम्भावना घट्छ।

खाना खाएपछि बिहान-बेलुका ब्रस अनिवार्य गर्नुपर्छ। दाँत माझ्दा नरम ब्रस प्रयोग गर्नुपर्छ। फ्लोराइडयुक्त मञ्जनले दाँत माझ्नु राम्रो हुन्छ। राति सुत्नुअघि डेन्टल फ्लस गर्दा राम्रो हुन्छ।

जाडोमा रोपौं पतझर फलफूल



प्रदीप सिंखडा
निर्देशक, एसएस एग्रिकल्चर

जाडोको मौसम पतझर बिरुवाहरू रोप्नका लागि राम्रो मौसम हो। यस समयमा बिरुवाले आफूलाई चाहिने इनर्जी थोरै लिइरहेका हुन्छन् र साइलेन्ट फेजमा बस्छन्। जाडोमा यी बिरुवामा कम कीटाणु लाग्छ र राम्रोसँग हुर्कन पाउँछन्। यस्ता बिरुवालाई तपाईंले बर्गैंचामा वा कलमी गरेर गमलामा पनि हुर्काउन सक्नुहुन्छ।



स्याउ : स्याउको बिरुवा बर्गैंचामा रोप्दा ४०-४५ वर्ष र कलमी गरिएका बिरुवा २५ वर्षसम्म बाँच्न सक्छन्। स्याउलाई मयलसँग कलमी गरेर एकै वृक्षमा उमार्न सकिन्छ। कलमी गरिएको स्याउले डेढदेखि दुई वर्षमा दिन फल थाल्छ। बियाँबाट रोपिएको स्याउले झन्डै पाँच वर्षपछि मात्रै उत्पादन दिन्छ।

ओखर : कलमी गरिएको ओखरको बिरुवाले डेढ-दुई वर्षमै फल दिन थाल्छ। बियाँबाट रोपिएको ओखरले पाँचदेखि ६ वर्षमा फल दिन्छ।

हलुवाबेद : कलमी गरिएको हुलवाबेदले एकदेखि डेढ वर्षमै उत्पादन दिन थाल्छ। त्यस्तै, बियाँबाट रोपिएको हलुवाबेदले उत्पादन दिन पाँचदेखि ६ वर्ष लाग्छ। तर, कलमी गरिएको बिरुवाको दाँजोमा बियाँबाट रोपिएको बिरुवा धेरै बाँच्छ।

आरू : कलमी गरिएको आरू ३०-३५ वर्षसम्म बाँच्छ। यसले डेढ वर्षमै फल दिन थाल्छ। बियाँबाट रोपिएको आरूले ५-६ वर्षमा फल दिन्छ। तर, यो कलमी गरिएको आरूको दाँजोमा धेरै बाँच्छ।

अम्बा : अम्बालाई पनि कलमी गरेर रोप्न सकिन्छ। यसले रोपिएको एक-डेढ वर्षमै उत्पादन दिन थाल्छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

इन्द्रसरोवर शाखा, मकवानपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
भरत स्याङतान (लामा) ना.प्र.नं. ३१/२१८३४, जारी मिति २०६२/०१/१३, जि.प्र.का. मकवानपुर बाबुको नाम : फुल बहादुर स्याङतान बाजेको नाम : वीर बहादुर स्याङतान स्थायी ठेगाना : कुलेखानी - २, मकवानपुर **कर्जा शिर्षक : आवधिक कर्जा**	**फुल बहादुर स्याङतान** ना.प्र.नं. ७७५३, जारी मिति २०३९/११/२२ जि.प्र.का. मकवानपुर बाबुको नाम : वीर बहादुर स्याङतान बाजेको नाम : गुमान सिं स्याङतान स्थायी ठेगाना : कुलेखानी - ९, मकवानपुर	**अमित कुमार स्याङतान** ना.प्र.नं. ३१/२१८३५, जारी मिति २०६२/०१/१३ जि.प्र.का. मकवानपुर बाबुको नाम : फुल बहादुर स्याङतान बाजेको नाम : वीर बहादुर स्याङतान स्थायी ठेगाना : कुलेखानी - २, मकवानपुर
व्यक्तिगत जमानत दिनेको विवरण		
अनुका तामाङ (ग्यापक) ना.प्र.नं. ३०४९/२०, जारी मिति २०७०/०१/२८, जि.प्र.का. रामेछाप बाबुको नाम : प्रेम बहादुर तामाङ पतिको नाम : भरत स्याङतान (लामा) ससुराको नाम : फुल बहादुर स्याङतान स्थायी ठेगाना : दिमिपोखरी - ९, रामेछाप	**विष्णु माया स्याङतान** ना.प्र.नं. १९५१, जारी मिति २०४६/०२/१७, जि.प्र.का. मकवानपुर पतिको नाम : फुल बहादुर स्याङतान ससुराको नाम : वीर बहादुर स्याङतान स्थायी ठेगाना : कुलेखानी - ४, मकवानपुर	

टिकापुर शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २१७१५/०७२/७३ अन्तर्गत मिति २०७२/१०/२५ मा दर्ता कायम भएको **नैना ग्यास ट्रेडर्स** फर्म दर्ता ठेगाना : टिकापुर न.पा. - १, कैलाली स्थायी लेखा नं. ६०३८७४८११ मिति २०७२/१०/२५ **प्रोप्राइटर : नन्द सिंह कामी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**नन्द सिंह कामी** ना.प्र.नं. २१५१५, जारी मिति २०६२/१०/१२ इ.प्र.शा. टिकापुर, कैलाली बाबुको नाम : लालबीर कामी बाजेको नाम : जसे कामी स्थायी ठेगाना : पथरैया - ५, कैलाली	**हस्तना वि.क.** ना.प्र.नं. ६७२०३७/५७८३९ जारी मिति २०७२/०८/२५, जि.प्र.का. कैलाली बाबुको नाम : भगे वि.क. पतिको नाम : नन्द सिंह कामी ससुराको नाम : लालबीर कामी स्थायी ठेगाना : पथरैया - ५, कैलाली

दुम्किबास शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
टेकेन्द्र थारु ना.प्र.नं. ३६-२-०३७/६८ जारी मिति २०६४/०८/०९ जि.प्र.का. नवलपरासी बाबुको नाम : बुद्धीराम थारु बाजेको नाम : प्रितिराम थारु स्थायी ठेगाना : बेनिमणिपुर - ९, नवलपरासी **कर्जा शिर्षक : आवधिक कर्जा**	**खिरमती चौधरी** ना.प्र.नं. ३६३०३५/११८९, जारी मिति २०६३/१०/१२, जि.प्र.का. नवलपरासी बाबुको नाम : देवीराम चौधरी पतिको नाम : टेकेन्द्र थारु ससुराको नाम : बुद्धीराम थारु स्थायी ठेगाना : बेनिमणिपुर - ९, नवलपरासी

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.


रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६७०५

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १घ (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३१२ को क्षेत्रफल ०-२-१०.५०-० (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं.६ क (हाल कावासोती न.पा. वडा नं.२) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
८.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल घोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, ज्ञुडिबेला गा.वि.स वडा नं. ७ (हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-९-१० (विगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा रहेको सवारी मोडल: ISUZU Mu-X 2018 | च्यासिस नं.: M3GUCS854JBA00270 | ईन्जिन नं.: SZ7073 | सवारी दर्ता नं.: बा २१ च ८५६



तपसिल नं. १ मा उल्लेखित सम्पति | तपसिल नं. २ मा उल्लेखित सम्पति | तपसिल नं. ३ मा उल्लेखित सम्पति | तपसिल नं. ४ मा उल्लेखित सम्पति

तपसिल नं. ५ मा उल्लेखित सम्पति | तपसिल नं. ६ मा उल्लेखित सम्पति | तपसिल नं. ७ मा उल्लेखित सम्पति | तपसिल नं. ८ मा उल्लेखित सम्पति

तपसिल नं. ९ मा उल्लेखित सम्पति | तपसिल नं. १० मा उल्लेखित सम्पति | तपसिल नं. ११ मा उल्लेखित सम्पति

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने घरजग्गाको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने घर जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको मोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

प्रधानमन्त्रीको तेस्रो कार्यकालको पहिलो वर्ष

सरकारले एक वर्ष पूरा गरेको अवसरमा प्रधानमन्त्री दाहालले गरेको सम्बोधनका क्रममा केही महत्त्वपूर्ण योजना, कार्यक्रम र व्यवहारगत परिमार्जनबारे घोषणा गरेका छन्



● वीणा झा


अग्रलेख

नेपालमा केही निश्चित भाग्यमानी नाम छन्, जो पालैपालो सम्मानित सार्वजनिक पदसँग जोडिन्छन् । तिनैमध्येका एक हुन्, वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । उनको तेस्रो कार्यकालको पहिलो वर्ष भर्खरै पूरा भयो । आफू सत्तामा हुँदाका उपलब्धिका लेखाजोखा आफ्नाले गर्नु एउटा पक्ष हो भने सामाजिक संरचनाको पिँधमा रहेका भुइँमान्छेहरूको भोगाइमा आधारित अनुभूतिले उब्जेको बुझाइ अर्को पाटो हो । आज तिनै सर्वसाधारणका दैनिकीमा आधारित अनुभूतिलाई केन्द्रमा राख्दै यस आलेखमा एकवर्षे कार्यकालको निर्मम समीक्षा गर्ने प्रयास गरिएको छ ।

सार्वजनिक पदधारण गरेका व्यक्तिसँग एक सामान्य सर्वसाधारणको जत्ति व्यक्तिगत स्वतन्त्रता हुँदैन । तिनको आफ्नो जीवनप्रतिको अधिकार र स्वच्छन्दता सीमित हुन्छ । त्यसमाथि पनि देशकै प्रधानमन्त्री, जो सबैका साझा विश्वास र आस्थाका रूपमा आफूलाई स्थापित गर्ने युद्धमा होमिएको स्विकार्छन्, तिनका लागि झनै कठोर आत्मनिर्णयको आवश्यकता रहन्छ । गत वर्ष प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा प्रचण्डका अभिव्यक्ति र ऊर्जा एक योद्धाका रूपमा देखिएको थियो । कता-कता केही आशा र सम्भावनाको सञ्चार गराएको भान पनि हुन्थ्यो । जसलाई सर्वसाधारणले पर्ख र हेरको सिद्धान्तमा रही आशावादी नजरले हेरे । तीमध्ये अधिकांश अपेक्षा पूरा भएका त देखिन्नन्, तर तिनले तुलनात्मक रूपमा आक्रामक शैलीमा केही गर्न खोजेका कतिपय सफल र असफल प्रयास भने देखिन्छ ।

एउटा अवस्था के देखिन्छ भने कुनै पनि युद्धमा जाँदा व्यक्ति एक्लै पर्याप्त हुँदैन । तिनका आवश्यक सीप, कौशल, विश्व परिवेश अनि उचित हतियार महत्त्वपूर्ण हुन्छन् । यसतर्फ प्रधानमन्त्री दाहालको ध्यान पुगेन वा गर्न चाहेनन्, त्यो अलग विषय बन्ला । तर, नेपालको राजनीतिमा अति नै खाँचो रहेको राजनीतिक सुसंस्कारको सुरुवातको छनक तिनको एक वर्षको कार्यकालमा भेटिएन । समाज र सरकारबीच चिरा परेको सम्बन्धलाई जोड्न खासै प्रयास गरेको देखिएन । अन्य राजनीतिक दलभन्दा माओवादीका जनप्रतिनिधिबाट समाजले थप अपेक्षा गरेको हुन्छ, किनकि लामो युद्धका वेला समाजका भौतिक संरचना मात्रै होइन, सामाजिक सम्बन्ध पनि तहसनहस भएकाले त्यसको पुनर्निर्माण गर्ने मुख्य जिम्मेवारी पनि तिनैको हो भन्ने सामाजिक अपेक्षा पनि जोडिएको छ । भत्किएर जीर्ण भएका आस्था र विश्वासका सम्बन्धहरू यदि पुनर्निर्माण नगर्ने हो भने जतिसुकै भौतिक संरचना र आर्थिक वृद्धि गरिए पनि स्वस्थ समाज निर्माण हुन सक्दैन । देश सामान्य राजनीतिक अवस्थामा फर्किनासाथ आँखाले नदेखिने समाजका अभौतिक संरचनालाई विशेष प्राथमिकता दिँदै निर्माणको सही प्रयास गरिनुपर्थ्यो । तर, विगतझैं यसपालि पनि त्यसतर्फ खासै ध्यान पुगेको देखिएन । भनिन्छ, जति बढी जिम्मेवारी बोकेका नेतृत्व तहमा बसेका व्यक्तित्व हुन्छन्, तिनमा उच्च तहको भावनात्मक बौद्धिकता हुनैपर्छ । किनकि, भावनात्मक सम्बन्धविना सफल नेतृत्व हुन सक्दैन । यो कुरा वेलाबखतमा प्रधानमन्त्री प्रचण्डका अभिव्यक्तिमा झल्किन्छ, तर तिनले के बिर्सेका हुन्छन् भने अनुभूति गर्न पाइन्छ, तर सर्वसाधारणले जस्तो त्यसको अभिव्यक्त गर्न छुट तिनलाई हुँदैन । मानवीय स्वभाव सामान्य हो, तर त्यसका अभिव्यक्ति पदीय दायित्वअनुसार फरक-फरक हुने गर्छ, त्यसमा उनी यसपटक पनि चुकेका छन् । समाजको अपेक्षा बुझ्दै सच्चिँदै जानुको विकल्प छैन । किनकि, भोगाइ, बुझाइ र समाजसँग उपलब्ध उदाहरणले नै हो समाजमा नयाँ भाष्य निर्माण गर्ने र पुराना, स्थापित तथा असान्दर्भिक भाष्यलाई परिमार्जन वा विस्थापन गर्ने । समाजको सोच र मनोवृत्ति परिवर्तन गर्न सक्ने क्षमता राजनीतिमा हुन्छ । यदि सक्षम नेतृत्व पायो भने त्यसले समाजको मनोवृत्ति, अपेक्षा र सोचको प्रकृतिलाई सही आकार दिन्छ, समाजलाई सशक्तीकरणतर्फ डोऱ्याउँछ । पछिल्लो एक वर्षमा पार्टीगत आन्तरिक र बाह्य कार्यशैलीदेखि लिएर दृष्टिकोण निर्माणमा सामाजिक अपेक्षाअनुरूपको परिमार्जन देखिएन । दलमा आबद्ध विषयविज्ञका सुझाबभन्दा माथि उठेर निर्मम समीक्षा गराउन अक्षम रहे ।

सत्तामा को छ र को प्रतिपक्षमा छ भन्ने विषय समाजका पिँधमा रहेका सर्वसाधारणलाई खासै चासो हुँदैन । तिनले सरकारको अनुभूति गर्ने भनेको आफ्नो दैनिकीको भोगाइमा हो, जहाँ तिनले राज्यका विभिन्न निकायमा पाउने सुविधा र व्यवहारमा सरकारको उपस्थितिको अनुभूति गरिरहेका हुन्छन् । नेपालका स्थापित दलहरूको राजनीतिक संस्कार नै जुट्नु, फुट्नु, असहयोग गर्नु वा विरोध गर्नु हो भन्ने गलत भाष्य स्थापित हुँदै गएको अवस्थामा सरकारले त्यसमाथि कुनै पनि चुनौती दिन सकेन । कुनै पनि क्षेत्रमा समृद्धिका लागि संस्कार आवश्यक हुन्छ र राजनीतिक दलहरूको जुन परिमार्जित संस्कारको अपेक्षा समाजले गरेको थियो, सरकारले



त्यो अनुभूति गराउन सकेन । पदीय भागबन्डाको निरन्तरतादेखि लिएर उपलब्धिविहीन भ्रमणको निरन्तरता यथावत् रह्यो । सभा समारोहको उद्घाटन र रिबन काट्ने मोहलाई प्रधानमन्त्रीदेखि मन्त्रीहरूले त्याग्न सकेनन् । हरेक तहको भ्रष्टाचार अन्त्य गर्न सरकार निष्पक्ष, सबल र सक्षम छ भन्ने अनुभूति शब्दमा गराउने प्रयास गरे पनि समाजलाई उदाहरण दिन सकेनन् । आफ्नो वरिपरि बसेर आत्ममुग्धतामा रमाउने बलियो समूहलाई छिचोल्दै समाजको वास्तविक चित्र आफ्नै आँखाले हेर्ने प्रयास गरेको अनुभूति सर्वसाधारणले गर्न सकेनन् । समाजको पिँधको आवश्यकता पहिचान र त्यसको सही समाधानबारे एक वर्षमा कुनै अनुभव गराउन सकेनन् । यहाँसम्म कि समाजलाई सरकारप्रति सकारात्मक सोचको विकास गराउन सुरुवातकै लागि भए पनि सरकारी सेवा सुविधा प्राप्त गर्ने व्यक्तिका सन्ततिलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने बाध्यकारी कानुनी व्यवस्था गर्न सक्नुपर्थ्यो । तर, त्यस्तो कुनै छनक देखिएन ।

> अन्य राजनीतिक दलभन्दा माओवादीका जनप्रतिनिधिबाट समाजले थप अपेक्षा गरेको हुन्छ, किनकि लामो युद्धका वेला समाजका भौतिक संरचना मात्रै होइन, सामाजिक सम्बन्ध पनि तहसनहस भएकाले त्यसको पुनर्निर्माण गर्ने मुख्य जिम्मेवारी पनि तिनैको हो भन्ने सामाजिक अपेक्षा पनि जोडिएको छ

हुन त व्यक्तिवादी सोच हाबी रहेको अतिवादले ग्रसित हुँदै गरेको सामाजिक मनोवृत्ति तथा जीर्ण राजनीतिक संस्कारको बोलवाला रहेको वर्तमानमा जहाँ राजनीतिक दलहरू सार्वजनिक हितभन्दा पनि एक-अर्कासँग भुट, छल, धोका र लोकरिझ्याइँमा रमाउने प्रवृत्तिमा लिप्त छन्, त्यहाँ तिनको एक्लो प्रयासले सामूहिक राजनीतिक संस्कारमा रूपान्तरण गर्न कतिको सहज होला ? त्यो आफैंमा अहं प्रश्न बनेको छ ।

४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	४,०५०,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	१,०००,०००	१०,०००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१२,०७५,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	११,८८०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,४३२,५००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,२७०,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१५,२६०,०००
छ)	**लघुवित्त वित्तीय संस्था**		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३१,१५७	२९,९४१,८७७
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३१,०५४	१८,७९०,७७५
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,९६६	१५,७३८,२१६
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१०,६००,०००
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,२७७,७३४
६	विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	७६,७५१
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	२४९,०००
ज)	**इन्भेष्टमेन्ट**		
१	हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड	२,४७५	१,५३४,७४८
२	नागरिक लगानी कोष	६,५४२	१३,२८०,२६०
झ)	**उत्पादन तथा प्रशोधन**		
१	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	१२,८७२	४,६५७,०९०
ञ)	**अन्य**		
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,०९५	२१५,२७७
	जम्मा	**११,५४८,४०६**	**६८३,१५०,८१३**

कोष प्रवर्द्धक:
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११११७०/७८/८८, फ्याक्स: ९७७-०१-५१११११८०
टोल फ्री नं. : १६६०-०१-७७०७७१

योजना व्यवस्थापक/डिपोजिटरी:
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०९१४, फ्याक्स: ९७७-१-५७०९३५
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७०/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७०७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	**मिन बहादुर थिङ** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ६ हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु : लक्षोमान थिङ बाजे : माहराम थिङ	माहरामको नाती, लक्ष्योमान थिङको छोरा, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने मिन बहादुर थिङको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको, मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ६ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित किता नं. ८०४ को क्षेत्रफल ०-३-० (बिगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) फुल माया थोक्रा स्थायी ठेगाना: मकवानपुर जिल्ला, सरीखेत गा.वि.स. वडा नं. ७ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु : धन सिं थोक्रा ससुरा : लक्षोमान थिङ पति : मिन बहादुर थिङ	**२) सुस्मिता थिङ** ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु : मिन बहादुर थिङ बाजे : लक्षोमान थिङ
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**शुशिला देवी श्रेष्ठ** स्थायी ठेगाना: महोत्तरी जिल्ला, हाथिलेट गा.प. वडा नं. ९ हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ८ बाबु : राम बहादुर श्रेष्ठ ससुरा : जीत बहादुर श्रेष्ठ पति : बल बहादुर श्रेष्ठ	**बल बहादुर श्रेष्ठ** स्थायी ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स. वडा नं. ९ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ८ बाबु : जीत बहादुर श्रेष्ठ बाजे : सेतु बहादुर श्रेष्ठ
	धितोको विवरण	
	सेतु बहादुर श्रेष्ठको नाति, जीत बहादुर श्रेष्ठको छोरा, महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल बर्दिवास न.पा. वडा नं. ८ बस्ने बल बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं वहादुरगंज गा.वि.स. वडा नं. ४/ङ (हाल बर्दिवास न.पा. २) स्थित किता नं. ४२८ को क्षेत्रफल ०-१-३$^{१/२}$ (बिगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३)	७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०७०९६३/०७५/०७६ अन्तर्गत मिति: २०७५/१०/२० मा प्राईभेट फर्म रेजिष्ट्रेन ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, बालाजु **स्थित सेफ राईड अटो प्रा.लि.** **संचालक तथा जमानीकर्ता: कुन्दन थापा मगर** ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६ बाबु : इन्द्र बहादुर थापा बाजे : जय बहादुर थापा	**सुमित्रा थापा** ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बाबु : जीत बहादुर थापा ससुरा : इन्द्र बहादुर थापा पति : कुन्दन थापा मगर
	७) कुन्दन थापा मगर ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६ बाबु : इन्द्र बहादुर थापा बाजे : जय बहादुर थापा	**सुमित्रा थापा** ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बाबु : जीत बहादुर थापा पति : कुन्दन थापा मगर ससुरा : इन्द्र बहादुर थापा
	धितोको विवरण	
	७) जीत बहादुर थापाकी छोरी, इन्द्र बहादुर थापाकी बुहारी, कुन्दन थापा मगरकी पत्नि, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने सुमित्रा थापाको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलबुंगा गा.वि.स. वडा नं. ९/ख (हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ४) स्थ

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १३ पुस ०८०

प्रिमियममा आइपिओ निष्कासन अनुमति दिँदा आर्थिक चलखेल भएको लेखा समितिको ठहर

धितोपत्र बोर्डका अध्यक्ष हमालको सम्पत्ति छानबिन गर्न निर्देशन, गम्भीर प्रश्न उठ्न सक्ने सूचना पाएपछि हमाल बैठक छलेर बिदामा

भोजराज भण्डारी/नयाँ पत्रिका

वित्तीय विवरण कमजोर रहेका कम्पनीलाई पनि नेपाल धितोपत्र बोर्डले प्रिमियम मूल्यमा आइपिओ (प्राथमिक सेयर) निष्कासन अनुमति गर्न दिएको विषयमा सार्वजनिक लेखा समितिले गम्भीर प्रश्न उठाएको छ।

बिहीबार बसेको समितिको १९औँ बैठकले वित्तीय अवस्था कमजोर भएका कम्पनीलाई कानुनको छिद्र प्रयोग गरी प्रिमियम मूल्यमा आईपिओ निष्कासनको अनुमति दिएर बोर्डका अध्यक्ष रमेशकुमार हमालले अपारदर्शी कार्यका साथै गम्भीर रूपमा आर्थिक चलखेल गरेको समितिले ठहर गरेको हो। समितिले यस विषयमा छानबिन गरेर ३० दिनभित्र कार्यप्रगति विवरण बुझाउन सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई निर्देशनसमेत दिएको हो।



सार्वजनिक लेखा समितिको बिहीबार बसेको बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ बिमा कम्पनीलाई प्रिमियममा सेयर बिक्री गर्न दिनु ऐनविपरीत

लेखा समितिले बिमा कम्पनीलाई प्रिमियम मूल्यमा सेयर बिक्री गर्न नेपाल बिमा प्राधिकरणले स्वीकृति दिनु बिमा ऐनविपरीत भएको औँल्याएको छ। बिमा ऐन, २०७९ को दफा ४५ को उपदफा (५)मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बिमकले सर्वसाधारणबाट सेयर खरिदका लागि दरखास्त आह्वान गर्दा सेयर अंकित मूल्यको शतप्रतिशत रकम माग गर्नुपर्नेछ,' भन्ने व्यवस्था रहेको र बिमा कम्पनीले कम्पनी स्थापना गर्दा नै ३० प्रतिशत सेयर सर्वसाधारणका लागि संरक्षित गरेका कारण अंकित मूल्यभन्दा बढी (प्रिमियम मूल्य)मा सेयर जारी गर्न अनुमति वा स्वीकृति दिन नमिल्ने समितिको दाबी छ।

■ तीन वर्षभित्र प्रिमियममा आएका कम्पनी छानबिनमा तानिने

समितिले तीन वर्षभित्र प्रिमियम मूल्यमा सेयर जारी गर्ने विभिन्न कम्पनीलाई पनि छानबिनको दायरामा ल्याउनुपर्ने निर्णय गरेको छ। समितिले यसअघि जारी गरेका प्रिमियम सेयरहरू कति औचित्यपूर्ण थिए, गैरकानुनी थिए-थिएनन् भन्ने विषयमा छानबिन गरी निर्ष्कषमा पुग्न, छानबिन प्रक्रियामा लैजान र ३० दिनभित्र सोसम्बन्धी कार्यप्रगति विवरण उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ।

पछिल्लो समय हमालले नेटवर्थ ऋणात्मक भएका कम्पनीलाई प्रिमियममा सेयर जारी गर्न अनुमति दिएको, घाटामा रहेका कम्पनीलाई सेयर जारी गर्न अनुमति दिएको, हिमालयन रि-इन्स्योरेन्स कम्पनीलाई प्रिमियममा सेयर निष्कासन गर्न धितोपत्र दर्ता तथा निष्कासन नियमावली संशोधन गरेको, कमिसनका आधारमा नयाँ स्टक एक्सचेन्ज सञ्चालन अनुमतिको तयारी गरेको, ब्रोकरको लाइसेन्स जथाभावी वितरण गरेको आरोप लाग्दै आएको छ। यस विषयमा छानबिन हुनुपर्ने माग गर्दै संघीय संसद्मा समेत सांसदहरूले प्रश्न उठाउँदै आएका छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

धितोपत्र बोर्ड र प्राधिकरणको मिलेमतोमा प्रिमियममा आइपिओ निष्कासन गर्न अनुमति दिएको समिति सदस्य सांसद अमरेशकुमार सिंहले बताए। उनले भने, 'धितोपत्र बोर्ड र बिमा प्राधिकरणको मिलेमतोमा बिमा कम्पनीको आइपिओ प्रिमियममा ल्याउन दिइयो। तीन वर्ष नाफामा गएका कम्पनीले मात्रै प्रिमियममा आइपिओ ल्याउन पाउने व्यवस्था रहेकोमा हिमालयन रि-इन्योरेन्सलाई प्रिमियम मूल्यमा आइपिओको स्वीकृति दिन नियमावली संशोधन गरी दुई वर्ष नाफा भए पुग्ने व्यवस्था गरियो। यसमा बोर्डमा अध्यक्षको बदमासी छ,' सिंहले भने।

त्यस्तै, सांसद अर्जुननरसिंह केसीले कमजोर र डुब्न लागेका कम्पनीलाई सार्वजनिक निष्कासन दिँदा धितोपत्र बजार कमजोर हुने बताए। सांसद हरि ढकालले घोराही सिमेन्टलाई प्रिमियम मूल्यको आइपिओमा स्वार्थ बाझिने गरी रेटिङ स्वीकृत गरेको भन्दै बोर्डको आलोचना गरेका थिए।

सांसद प्रदीप यादवले घाटा गएको कम्पनीलाई आइपिओ निष्कासन गर्न दिएर धितोपत्र बोर्डले लगानीकर्तामाथि गम्भीर अपराध गरेको आरोप लगाए। उनले भने, 'जुनसुकै कम्पनीलाई आँखा चिम्लेर आइपिओ निष्कासन गर्न दिइएको छ, यो सेयर लगानीकर्तामाथि गरिएको अपराध हो।' सांसद यादवले नेप्से सूचक ३२ सयको विन्दुमा पुगेको समयमै सेयरमा माफियाहरूको आँखा लागेको बताए। उनले भने, 'दैनिक कारोबार २२ अर्ब भइरहेको थियो, लाखौँ मान्छे कारोबार गरिरहेका थिए, अहिले हमालकै कारण पुँजी बजार गम्भीर अवस्थामा पुग्यो।' तर, धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्ति अर्यालले वित्तीय विवरण योग्य भएर आएका कम्पनीले प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न पाउने बताए। उनले भने, 'निर्देशिकामा तोकिएको मापदण्ड पुऱ्याएर आएको खण्डमा बोर्डले स्वीकृति दिनुपर्छ, यसमा कुनै नियत वा बदनियत छैन।'

प्रश्न उठ्ने डरले हमाल भएनन् उपस्थित



प्रिमियम मूल्यको विषयमा प्रश्न उठ्ने जानकारी पाएपछि समितिको बिहीबारको बैठकमा अध्यक्ष हमाल उपस्थित भएनन्। उनको कार्यकाल आगामी २० पुसमा सकिँदै छ। सरकारी तलब खाएपछि पूरा अवधिसम्म काम गर्ने प्रतिबद्धता जनाउँदै आएका हमालले समितिमा उठ्ने प्रश्नको सामना गर्नुपर्ने डरले बुधबारबाट औपचारिक बिदा बसेको बोर्ड स्रोतले जानकारी दिएको छ। बोर्डका एक अधिकारीले भने, 'बैठक बस्ने जानकारी समितिबाट बुधबार तीन बजे आएको थियो, त्यसपछि हमाल सरलाई सम्पर्क गरेर खबर गरेका थियौँ, हामीलाई नि बैठकमा जानुहोला र उठेको प्रश्नको उत्तर दिनुहोला भन्ने लागेको थियो, उहाँ नगएको देख्दा हामी नै छक्क पर्‍यौँ।'

हमाल बैठकमा उपस्थित नभएपछि समितिको निर्देशन उल्लंघन गरेको भन्दै समितिले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। विनासूचना बैठकमा अनुपस्थित रहेकाले हमालले गैरजिम्मेवारपूर्ण व्यवहार देखाएको भन्दै समितिले खेद प्रकट गरेको छ। सांसद योगेश भट्टराईले सार्वजनिक लेखा समितिको अवहेलना गर्नेलाई भविष्यमा सार्वजनिक पदमा बस्न अयोग्य बनाउनुपर्ने बताए। उनले भने, 'बिदामा बसेको भनेर संसदीय समितिको बैठकमा नआउनु नियतवश छलेको हो। नियामक निकायमा कहिले बिदा बस्ने भनेर उल्लेख छ। धेरै प्रश्नको जवाफ दिनुपर्छ भनेर नआएका हुन सक्छन्।'

नियमावलीको संशोधन गरेर प्रिमियममा सेयर जारी गर्न पाउने अवधि तीन वर्षको वित्तीय विवरण बुझाउनुपर्ने व्यवस्थालाई संशोधन गरेर दुई वर्ष बनाउनुमा गलत नियत रहेको उनको आरोप छ। उनले भने, 'तीन वर्षको प्रावधान हुँदा लगानीकर्ताको, कम्पनीको कहाँ अहित भयो, दुई वर्ष बनाउँदा कहाँ हित भयो, त्यो प्रस्ट हुनुपर्छ।'

शैक्षिक योग्यता नपुग्ने भन्दै गभर्नर अधिकारीविरुद्ध रिट

०६९ देखि ०७१ मा सिएलाई स्नातकोत्तर समकक्षता दिइयो



● **प्रा.डा. पारसनाथ यादव**, कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय

अहिले चार्टर्ड एकाउन्टेन्टलाई कुनै पनि शैक्षिक योग्यताको समकक्षता नदिने व्यवस्था छ। तर, ०६९ र ०७१ बीचको दुई वर्ष भने चार्टर्ड एकाउन्टेन्टलाई पनि स्नातकोत्तरको समकक्षता दिइएको थियो। चार्टर्ड एकाउन्टेन्ट तालिमको विषय भएकाले यसलाई शैक्षिक योग्यता मान्न नमिल्ने निष्कर्षमा पुगेपछि यो हटाइएको हो। दुई वर्ष जतिले समकक्षता लिए, उनीहरूले त्यसलाई शैक्षिक योग्यताका रूपमा प्रयोग गर्न पाउँछन्। तर, अब सिएलाई शैक्षिक कोर्स मार्निदैन।

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकको गभर्नर बन्न शैक्षिक योग्यता नपुग्ने दाबीसहित महाप्रसाद अधिकारीविरुद्ध सर्वोच्च अदालतमा बिहीबार रिट दायर भएको छ। चार्टर्ड एकाउन्टेन्ट पूरा गरेका अधिकारीको शैक्षिक योग्यता गभर्नर पदका लागि योग्य नभएको दाबी गर्दै उनीविरुद्ध चारजना अधिवक्ताले संयुक्त रिट दायर गरेका हुन्। रिट दायर गर्ने अधिवक्ताहरूमा दीपकराज जोशी, प्रतापसिंह ठकुराठी, दामोदर तिम्सिना र चुडामणि भण्डारी रहेका छन्।

गभर्नर नियुक्तिका लागि राष्ट्र बैंक ऐन, २०५८ को दफा २० मा उल्लिखित शैक्षिक योग्यता नपुग्ने रिटमा उल्लेख छ। यो दफाको 'ग'मा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय वा वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको हुनुपर्ने व्यवस्था छ।

तर, गभर्नर अधिकारीले कानुनमा उल्लेख भएअनुसार स्नातकोत्तर उपाधि नलिएको रिट निवेदकको दाबी छ। निवेदकअनुसार अधिकारीले स्नातकोत्तरको समकक्षता मात्रै लिएकाले उनी यो पदका लागि अयोग्य छन्।

निवेदकका तर्फबाट अधिवक्ता दीपकराज जोशीले भने, 'अधिकारीले शैक्षिक योग्यताको प्रमाणका रूपमा प्रस्तुत गरेका चार्टर्ड एकाउन्टेन्टको प्रमाणपत्र शैक्षिक नभई तालिमको मात्रै विषय हो। ऐनमा पनि स्नातकोत्तर मात्रै भनिएको छ, 'वा सोसरह' भनिएको छैन। त्यसैले पनि उनी गभर्नर पदका लागि अयोग्य छन्।'

राष्ट्र बैंकजस्तो संवेदनशील निकायमा शैक्षिक रूपमा अयोग्य व्यक्तिले नेतृत्वको पद ओगट्दा अर्थतन्त्र नै प्रभावमा पर्ने उनको तर्क छ। उनले भने, 'महालेखा परीक्षकको प्रतिवेदन नै हेर्दौं, आज बैंकिङ क्षेत्र कुन अवस्थामा छ। पढेलेखेका व्यक्ति नहुँदा अर्थतन्त्र नै जोखिममा परेको छ।'

■ कार्यकाल सकिएपछि फैसला

महाप्रसाद अधिकारीको शैक्षिक योग्यतामाथि प्रश्न उठाइएको यो पहिलोपटक भने होइन। २८ असार ०७३ मा लगानी बोर्ड नेपालका पूर्वप्रमुख कार्यकारी अधिकृत राधेश पन्तले बोर्डका तत्कालीन प्रमुखमा रहेका अधिकारीको शैक्षिक योग्यतामाथि प्रश्न उठाउँदै रिट दायर गरेका थिए। अधिकारीलाई सोही वर्ष सरकारले बोर्डको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको थियो। तर, रिट परेको चार वर्षपछि अदालतले औचित्य नभएको भन्दै रिट खारेज गरिदियो। अधिकारीले राजीनामा दिइसकेकाले रिटको औचित्य नपुग्ने ठहर अदालतले गरेको थियो।

२४ चैत ०७६ मा गभर्नर नियुक्त भएको करिब आठ महिनापछि १७ मंसिर ०७७ मा अधिकारीविरुद्धको रिट नै खारेज भएको थियो। यो फैसलामा योग्यतामा कुनै पनि प्रश्न नउठाई रिट खारेज भएकाले स्नातकोत्तर र सोसरहको योग्यता भन्ने कुरा अझै गर्भमै रहेको निवेदकको तर्क छ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल पुस महिना १३ गते शुक्रबार)

यस विकास बैंक लि.को शाखा कार्यालय जिरो कि.मि.बाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. कर्जा शिर्षक : मुक्तिनाथ सहुलियत आवधिक कर्जा (महिला उद्यमशील कर्जा)

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **ग्रेस फेन्सी** प्रोप्राइटरको नाम : अनिशा चौधरी प्रा.फ.र.नं. : २२५२५/०७७/०७८ दर्ता मिति : २०७७/१२/१२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मासवार, कास्की स्थायी लेखा नं. : ६१५६५११५० रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८	१. नाम : **अनिशा चौधरी** बाबुको नाम : पुना राम चौधरी बाजेको नाम : कालु थारु स्थायी ठेगाना : दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ५२-०१-७४-०१४६६ जारी मिति र जिल्ला : २०७४/०२/१८, दाङ
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **पुना राम चौधरी** बाबुको नाम : कालु थारु बाजेको नाम : गजापती थारु स्थायी ठेगाना : दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ६२५४/९२४ जारी मिति र जिल्ला : २०५९/०५/२६, दाङ	३. नाम : **कमला पुरी सन्यासी** बाबुको नाम : पदम पुरी सन्यासी पतिको नाम : पुना राम चौधरी ससुराको नाम : कालु थारु स्थायी ठेगाना : कास्की जिल्ला रुपा गा.पा. वडा नं. ३ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ३२५९३ जारी मिति र जिल्ला : २०५२/०२/१८, कास्की

२. कर्जा शिर्षक : मुक्तिनाथ सरल व्यवसायिक कर्जा (अवधिक)

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **के.पी. गण्डकी बुक्स एण्ड स्टेशनरी सप्लायर्स** प्रोप्राइटरको नाम : पुना राम चौधरी प्रा.फ.र.नं. : ४३५२/०६७/०६८ दर्ता मिति : २०६७/११/१९ जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की स्थायी लेखा नं. : ३०४७६३४२७ रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८	१. नाम : **पुना राम चौधरी** बाबुको नाम : कालु थारु बाजेको नाम : गजापती थारु स्थायी ठेगाना : दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ६२५४/९२४ जारी मिति र जिल्ला : २०५९/०५/२६, दाङ
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **कमला पुरी सन्यासी** बाबुको नाम : पदम पुरी सन्यासी पतिको नाम : पुना राम चौधरी ससुराको नाम : कालु थारु स्थायी ठेगाना : कास्की जिल्ला रुपा गा.पा. वडा नं. ३ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ३२५९३ जारी मिति र जिल्ला : २०५२/०२/१८, कास्की	३. नाम : **अनिशा चौधरी** बाबुको नाम : पुना राम चौधरी बाजेको नाम : कालु थारु स्थायी ठेगाना : दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ५२-०१-७४-०१४६६ जारी मिति र जिल्ला : २०७४/०२/१८, दाङ

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

यस बैंकको शाखा कार्यालय तौलिहवा कपिलवस्तुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	भा.ना.तथा बाँकी साँवा रकम रू.	मिति २०८०।०८।३० गतेसम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१.	होटल शंकर एण्ड स्वीट सेन्टर	कपिलबस्तु न.पा. वार्ड नं.१ नयाँटोल	होटल व्यवसाय	रू. ८५,३८,०००।-	५,७५,०००।-	९१,१३,०००।-

फर्मको दर्ता नं. ४१७६।०६७, **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग, कपिलवस्तु, **दर्ता मितिः** २०६७।०९।१८ पान नं. ३०४५५२१९७

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
सरोज कुमार चौबे	कपिलबस्तु न.पा. वार्ड नं. १ नयाँटोल	२/८/५४९१६	कपिलवस्तु, २०६१।२।३२	रामशंकर चौबे	दुजेन्द्र चौबे

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
सरोज कुमार चौबे	कपिलबस्तु न.पा. वार्ड नं. १, नयाँटोल	२/८/५४९१६	कपिलवस्तु, २०६१।२।३२	रामशंकर चौबे	दुजेन्द्र चौबे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	भा.ना. तथा बाँकी साँवा रकम रू.	मिति २०८०।०८।१५ सम्मको ब्याज र किस्ता	जम्मा तिर्नुपर्ने रकम
२.	अमरावती कहाँर	अभिराव ४ भैसकुण्डा	सरल कृषि कर्जा	५,००,०००।-	७०,०००।-	५,७०,०००।-

फर्मको दर्ता नं. **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु **दर्ता मितिः**

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
अमरावती कहांर	अभिराव ४ भैसकुण्डा	३५३३८	कपिलबस्तु, २०५८।०३।१२	रामसवारे कहाँर	मोल्हु कहाँर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०८।१५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३.	एस्.के. डिजिटल फोटो स्टुडियो	क.ब.न.पा. वार्ड नं. ३ कालिकाटोल	व्यापार कर्जा	१३,६६,०००।-	३०,०००।-	१३९६,०००।-

फर्मको दर्ता नं. ४२९४, **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु। **दर्ता मितिः** २०६८/०४/१८, पान नं. ३०५२९८७१५

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुबा/पति	ससुरा
उदय प्रसाद गुप्ता अग्रहरी	क.ब.न.पा. वार्ड नं. ३ कालिकाटोल	३८१०७८।२२१५	कपिलबस्तु, २०६४।०९।१६	सन्तराम अग्रहरी	काशी प्रसाद अग्रहरी

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
लाखा देबी अग्रहरी	क.ब.न.पा.३, कालिकाटोल	११५३	कपिलबस्तु, २०३७।०४।१५	हरिहर अग्रहरी	काशी प्रसाद अग्रहरी

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०८।१५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
४.	स्वरसति यादव	तिलौराकोट ३ गोबरी	पशुपालन कर्जा	रू. ५,००,०००।-	६५,०००।-	५,६५,०००।-

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
श्री स्वरसति यादव	तिलौराकोट ३, गोबरी	१४२६५	कपिलवस्तु, २०५४।०३।०६	चिन्गुद यादव	ललित अहिर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०८।१५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
५.	जिते कामी सुनार	क.ब.न.पा. वार्ड नं. ९ हहरनामपुरडाँडा	पशुपालन कर्जा	रू.६,००,०००।-	८८,०००।-	६,८८,०००।-

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
जिते कामी सुनार	क.ब.न.पा. वार्ड नं. ९ हहरनामपुरडाँडा	९१३	कपिलवस्तु, २०४५।०१।२७	नुन सिंह कामी	न्युरे सुनार

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय
भैरहवा, रूपन्देही

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००४/०५/०६

स्वर्गारोहण
वि.सं. २०८०/०५/०१

स्व. राधिका देवी रिजाल

द हिमाल एजुकेशन फाउण्डेशन एण्ड रिसर्च सेन्टर प्रा. लि. द्वारा सञ्चालित रिज् कलेज अफ ईन्जिनियरिङ् एन्ड म्यानेजमेन्ट तथा माइलस्टोन इन्टरनेशनल कलेजका प्राचार्य श्री तुल्सि राम रिजालज्यूको ममतामयी माता राधिका देवी रिजालको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद् घडीमा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

गम्भीरमान तण्डुकार
प्रबन्ध निर्देशक

वटुकृष्ण थापा
अध्यक्ष

एवम्

द हिमाल एजुकेशन फाउण्डेशन एण्ड रिसर्च सेन्टर प्रा. लि. परिवार

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१२ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०२/१४ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछुर्यौट नगरेको हुनाले ऋणी एंव धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरी मिति २०८०/०८/१२ गते मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा रापसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा मिति २०७६ साल कार्तिक महिना ६ गतेमा सा.फ.प्रा.फ.न.घ.उ.सि. १०३१४/०७६/७७ तथा आन्तरिक राजश्व कार्यालय, लहानमा मिति २०७६/०७/०७ मा स्थायी लेखा नम्बर (PAN) ६१२२९७९९५ अन्तर्गत दर्ता कायम भएको **पाकिजा लघु उद्योग** ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. मो. नविजान खाँको बुहारी, मो. मुर्तजा खाँको पत्नी, सिरहा जिल्ला, साविक आसोपुर बलकवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ३ बस्ने **इशरत जहा** (ना.प्र.नं. ०२६१३२२६, जारी मिति २०५९/०३/१७, जि.प्र.का. सिरहा) ।

२. अब्दुल खाँको नाति, मो. नविजान खाँको छोरा, सिरहा जिल्ला, साविक आसोपुर बलकवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ३ बस्ने **मो. मुर्तजा खान** (ना.प्र.नं. १५३०७२/५४, जारी मिति २०६३/१२/०२, जि.प्र.का. सिरहा) ।

धितोको विवरण

१. मो. नविजान खाँको बुहारी, मो. मुर्तजा खाँको पत्नी, सिरहा जिल्ला, साविक आसोपुर बलकवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ३ बस्ने इशरत जहा (ना.प्र.नं. ०२६१३२२६, जारी मिति २०५९/०३/१७, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. २ स्थित कि.नं. ३५०६ को क्षेत्रफल ०-०-१५.२५ (वि.क.धु.) तथा सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७/७ ख स्थित कि.नं. ७३३ को क्षेत्रफल ०-०-१२ (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा मिति २०७६ साल कार्तिक महिना ६ गतेमा सा.फ.प्रा.फ.न.घ.उ.सि. १०३१४/०७६/७७ तथा आन्तरिक राजश्व कार्यालय, लहानमा मिति २०७६/०७/०७ मा स्थायी लेखा नम्बर (PAN) ६१२२९७९९५ अन्तर्गत दर्ता कायम भएको पाकिजा लघु उद्योगको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०९/२७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८०/०९/२८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com

NEPALLIFE INSURANCE CO. LTD.

Invitation for Bids

Date of Publication: 2080/09/13 (2023/12/29)

Nepal Life Insurance, established under the Company Act 2053 (1997) and Insurance Act 2049 (1993) as a public limited company, invites sealed quotations for the procurement up to 85 units of Desktop Computers, Web camera & Speaker from qualified service providers based on the specifications outlined below.

1. Desktop Computers

Technical Requirements (Dell and Lenovo):

1.	Processor: 12th Generation Intel Core i3 or higher
2.	RAM: 8GB DDR4, Expandable up to 16GB or Higher.
3.	Storage: 256GB SSD
4.	Display: 15.6-inch IPS display; Full-HD.
5.	Graphic: Intel UHD Graphics.
6.	Inbuilt WIFI/ Bluetooth Support

Note: For Dell Tower/Small (Both OptiPlex and Vostro) For Lenovo (Tower/Small Form Factor)

2. Web Camera and Speaker

1.	External Web Camera and Speaker (Logitech or similar brands)
2.	Minimum 1 year replacement warranty period

Required Documents:

1. Company Registration, PAN/VAT Certificate, Tax Clearance for the previous FY.
2. Manufacturing Authorization Letter (MAF) in the name of Nepal Life Insurance Co Ltd.
3. OEM Specification (Customized specifications will be disqualified).
4. Previous Work Experience. (Experience with a Public Ltd Company will be preferred).

For complete requirements and detailed information, please contact the General Service Department during working hours (10 am to 4:30 pm). Quotations, along with copies of all required registration documents, should be provided in a sealed envelope and submitted to the address below within 15 days from the publication of this advertisement. The company reserves the right to accept or reject fully or partially any or all bids without assigning a reason.

Head Office: Classic Complex, Kamaladi, Kathmandu
Phone : 01-5970592 Ext: 7000, Customer Care : 01-5970971
E-mail : gsd@nepallife.com.np
website: www.nepallife.com.np

किनकि जीवन अमूल्य छ...

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणील प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २० गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुर, धनुषामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

कम्पनी रजिष्ट्रेसन ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७३/०३/०१ मा दर्ता नं. १५०८९३/७२/०७३ दर्ता कायम भई महोत्तरी जिल्ला बर्दीबास न.पा. वडा नं. ०२ स्थित **नव क्षितिज कलेज महोत्तरी प्रा.लि.** (सञ्चालक कारी राम चौधरीको नाती, यदुनन्दन चौधरीको छोरा धनुषा जिल्ला, यज्ञभुमी वडा नं. ०७ बस्ने **सुरेन्द्र कुमार चौधरी**, ना.प्र.नं. ९०५०५०७७ मिति २०६३/०३/२१ जि.प्र.का धनुषा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. कारी राम चौधरीको नाति, यदुनन्दन चौधरीको छोरा, धनुषा जिल्ला, यज्ञभुमी वडा नं. ०७ बस्ने **सुरेन्द्र कुमार चौधरी** (ना.प्र.नं. ९०५०५०७७ जारी मिति २०६३/०३/२१ जिल्ला प्रशासन कार्यालय, धनुषा) ।

२. कारी राम चौधरीको नाति, यदुनन्दन चौधरीको छोरा, धनुषा जिल्ला, धनुषाधाम वडा नं. ०९ बस्ने **रविन्द्र कुमार चौधरी** (ना.प्र.नं. १७-०१-७१-००४३२, जारी मिति २०७१/०५/०४, जिल्ला प्रशासन कार्यालय, धनुषा ।

३. चुवालाल चौधरीको नाती, कारी राम चौधरीको छोरा, धनुषा जिल्ला यज्ञभुमी वडा नं. ०७ बस्ने **यदुनन्दन चौधरी** (ना.प्र.नं. ९९५०४०७१, जारी मिति २०३४/०७/३०, जिल्ला प्रशासन कार्यालय धनुषा) ।

४. कारी राम चौधरीको बुहारी, यदुनन्दन चौधरीको पत्नी, धनुषा जिल्ला यज्ञभुमी वडा नं. ०७ बस्ने **रामपरी देवी** (ना.प्र.नं. ४०२०, जारी मिति २०६०/०९/०६, जिल्ला प्रशासन कार्यालय धनुषा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **यदुनन्द चौधरी**को नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभुमि गा.पा/न.पा वडा नं. ०७/ख कित्ता नं. १८४, ५३० र १८३ को क्षेत्रफल क्रमश १-०-०-०, ०-०-८-० र ०-८-१-० (वि.क.धु.क) को जग्गा तथा ऐ.ऐ. गा.पा/न.पा वडा नं.०८/ग स्थित कित्ता नं. २३७ को क्षेत्रफल ०-७-४-० (वि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **राम परी देवी**को नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.पा/न.पा वडा नं. १३ स्थित कित्ता नं. २७२ र २७३ को क्षेत्रफल क्रमश ०-०-४-१.५० र ०-०-४-१.५० (वि.क.धु.क) को जग्गा/घर तथा ऐ.ऐ जिल्ला यज्ञभुमि गा.पा/न.पा वडा नं. ८/ख, स्थित कित्ता नं. २५४ र २५७, को क्षेत्रफल क्रमश ०-१०-०-० र ०-१०-०-० (वि.क.धु.क) र ऐ.ऐ जिल्ला यज्ञभुमि गा.पा/न.पा वडा नं. ०७/ङ स्थित कित्ता नं. ३९९ को क्षेत्रफल ०-०-५-०, (वि.क.धु.क) आदि सम्पूर्ण लिगलगापातहरु समेत ।

३. धनि कुमारी बैक लि. (साविक एन.सी.सी. बैक लि.) र ऋणी **नव क्षितिज कलेज महोत्तरी प्रा.लि**. कायम रही मधेश प्रदेश यातायात व्यवस्था कार्यलयमा दर्ता कायम रही च्यासिस नं. MAT453567JFR18227, ईन्जिन नं. 497TC44NRY838644, सवारी नं. प्रदेश २ - ०४ ००१ क ००१०, को SKOOL LCV Bus, २०१८ को गाडी थान १ ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस १९ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषा स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २० गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जनकपुर, धनुषा स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक विदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषा स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस २० गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय जनकपुर, धनुषा फोन नं. ०४१-५९००३६

सनसिल्क दसैं भाइब्सका विजेता छानिए



काठमाडौं/ युनिलिभरको हेयर केयर ब्रान्ड सनसिल्कले आयोजना गरेको सनसिल्क दसैं भाइब्सको विजेता छानिएका छन् । सन् २०२१ देखि लगातार सञ्चालन सुरु गरेको यो योजनामा यो वर्ष सजिना खनाल, सुस्मिता बन्जारा र विजया प्रधान विजयी भएका हुन् ।

प्रत्येका विजेताले एक लाख रुपैयाँसहित अर्को वर्षको सनसिल्कको प्याकमा प्रस्तुत हुने मौका र सनसिल्क ग्याङ अफ गर्ल्सको हिस्सा हुने अवसर पाएको कम्पनीले जनाएको छ । यो डिजिटल अभियान २०२१ सबै प्रकारको सुन्दर कपाल प्रदर्शन गर्दै महोत्सव मनाउने उद्देश्यले थालनी गरेको कम्पनीको भनाइ छ ।

यस वर्ष यो प्रतियोगिता 'लेट्स सेलेब्रेट हेयर, लेट्स सनसिल्क' भन्ने विषयवस्तुमा सञ्चालन गरिएको कम्पनीले जनाएको छ । यसको मुख्य उद्देश्य सबै प्रकारको कपाल र कपालको शैलीलाई कदर गर्ने उत्सवका रूपमा मनाउनु रहेको उल्लेख छ ।

अभियानमा चार हजार चार सय ८५ सहभागीसहित अहिलेसम्मकै ठूलो सिजन हुन सफल भएको कम्पनीको दाबी छ । त्यस्तै, प्रतियोगिताले करिब १७ करोड ४० लाख भ्युज प्राप्त गरी दर्शकमाझ आफ्नो राम्रो उपस्थिति देखाउन सफल भएको कम्पनीले जनाएको छ ।

युनिलिभर नेपालका मार्केटिङ प्रमुख सौरभ करन्जितले सनसिल्क सम्भवतः नेपालको सबैभन्दा ठूलो सौन्दर्य ब्रान्ड रहेको बताए । युवतीहरूले आफूलाई व्यक्त गर्ने मौका पाएमा धेरै अगाडि बढ्न सक्छन् भन्ने मान्यतालाई प्रमाणित गर्न कम्पनीले यो मौका प्रदान गरेको उनको भनाइ थियो ।

७ सय प्रतिशतले बढ्यो अल्टिमा लाइफस्टाइलको कारोबार



काठमाडौं/ नेपाली एसेसरिज ब्रान्ड अल्टिमा लाइफस्टाइलले सन् २०२२ को तुलनामा सन् २०२३ मा ७ सय प्रतिशतले कारोबार वृद्धि गरेको छ । यस वर्ष दुई सफल अभियान र नौ नयाँ उत्पादन सार्वजनिक गरेलगत्तै अल्टिमा लाइफस्टाइलले पछिल्लो समय नेपाली बजारमा विशिष्ट स्थान बनाउँदै गएको हो ।

आफ्नो कारोबार बढाउँदै अल्टिमाले यस वर्षको 'दराज सेलर समिट २०२३' मा 'सेलर अफ द इयर २०२३' अवार्ड पाएको जनाइएको छ । प्रमुख छनोट मापदण्डमा जोड दिँदै यो अवार्डले दराज मार्केट प्लेसमा उत्कृष्ट प्रदर्शन र योगदानलाई मान्यता दिएको कम्पनीको दाबी छ । आफ्नो उल्लेखनीय बिक्री आँकडा, ग्राहक सन्तुष्टि र उत्पादन गुणस्तरका कारण धेरै प्रतिस्पर्धीबीच अल्टिमा लाइफस्टाइल माथि उठेको कम्पनीले जनाएको छ ।

अल्टिमाले सन् २०२२ फेब्रुअरीदेखि दराजयात्रा सुरु गरेको जनाइएको छ । कम्पनीले यही वर्ष आफ्नो अफिसियल वेबसाइट पनि सुरु गरेको थियो । छोटो अवधिमा अल्टिमाले सबै विधामा जम्मा १९ हजारभन्दा बढी विक्रेतामध्ये उत्कृष्ट रही यो उपाधि जितेको उल्लेख छ । साथै, नोभेम्बरमा दराजमा सबैभन्दा धेरै बिक्री गरेको रेकर्ड पनि राख्न सफल भएको कम्पनीको भनाइ छ । सन् २०२४ मा यो नेपाली ब्रान्डले दराजमा मात्रै ५ सय प्रतिशतभन्दा बढी बिक्री वृद्धि गर्ने अनुमान गरेको उल्लेख छ । आउँदा दिनमा अझै केही नयाँ क्याटेगरीहरू आरम्भ हुने कम्पनीले जनाएको छ । हाल टिडब्लुएस, स्मार्ट वाच, पावर ब्यांक र स्पिकर बजारमा उपलब्ध गराउँदै आएको छ ।

लक्ष्मी सस्टेनेबल इनर्जी फन्डले युनिटेक हाइड्रोपावरमा लगानी गर्ने

काठमाडौं/ लक्ष्मी क्यापिटल कोष प्रवर्द्धक रहेको लक्ष्मी सस्टेनेबल एनर्जी फन्ड (एलएसइएफ)ले युनिटेक हाइड्रोपावर कम्पनी लिमिटेडमा रणनीतिक लगानी गर्ने भएको छ । क्यापिटलले दिगो ऊर्जा पहलप्रतिको निरन्तर प्रतिबद्धतामा एउटा महत्त्वपूर्ण कदम चाल्नुका साथै आफैंले सञ्चालन गरेको प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फन्डको पहिलो लगानीको शुभारम्भसमेत गरेको हो ।

युनिटेक हाइड्रोपावर कम्पनी लिमिटेडले माथिल्लो फावाखोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । आयोजना निर्माण अन्तिम चरणमा पुगिसकेको जनाइएको छ । ताप्लेजुङ जिल्लामा रहेको आयोजनाको उत्पादन क्षमता ५.८ मेगावाट छ । साथै, कम्पनीसँग थप १५ मेगावाटको मध्य इवाङ खोला जलविद्युत् आयोजनाको इजाजतपत्रसमेत रहेको क्यापिटलले जनाएको छ ।

नेपाल लाइफ क्यापिटल लिमिटेडको दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८० पौष १३ गते ।)

नेपाल लाइफ क्यापिटल लिमिटेडको मिति २०८० साल पौष १ गते आईतबार बसेको सञ्चालक समितिको ९२औं बैठकको निर्णय अनुसार यस कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्ने गरी बस्ने भएको हुँदा सबै संस्थापक शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति र स्थानः

मिति : २०८० साल पौष २४ गते मंगलबार
स्थान : कम्पनीको सभाहल, कमलपोखरी
समय : साँझ ५:०० बजे देखि

छलफलका विषयहरु

क) सामान्य प्रस्तावहरुः

१) आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने

२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८० को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि अनुमोदन गर्ने ।

३) आ.व. २०८०/८१ का लागि लेखा परिक्षकको नियुक्ती गर्ने तथा निजको पारीश्रमिक तोक्ने ।

४) स्वतन्त्र संचालकहरुको नियुक्तीलाई अनुमोदन गर्ने

ख) विशेष प्रस्तावः

१) हकप्रद शेयर जारी गर्ने

२) कम्पनीको अधिकृत तथा जारी पुँजी बृद्धि गर्ने र सो को लागि प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक दफा/नियम संशोधन गर्ने । संशोधनको लागि श्

यी हुन्...

पृष्ठ १ बाट क्रमशः

५० उद्योगको पनि क्रमशः लाइन काट्दै जाने प्राधिकरणका सिइओ घिसिङले बताए। पैसा नतिरेसम्म यसअघि लाइन काटिएका उद्योगको पनि बिजुली नजोड्ने उनले बताए। मन्त्रिपरिषद्बाट स्वीकृत सरकारी प्रतिवेदनको सिफारिस, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव, लेखा समितिको निर्देशन, महालेखाको प्रतिवेदनलगायतका आधारमा प्राधिकरणले यो कदम उठाएको उनको भनाइ छ।

घिसिङले लोडसेडिङको तालिकाभन्दा बढी बिजुली प्रयोग गरेको भए पनि प्रिमियममा शुल्क तिर्नुपर्ने दाबी गरे। प्रिमियम शुल्क लाग्न ट्रंक लाइनमा २० घन्टा र डेडिकेटेड फिडरमा २४ घन्टा विद्युत् प्रयोग हुनुपर्छ। तर, लोडसेडिङ तालिकाभन्दा बढी समय बिजुली प्रयोग भएको भए उद्योगले नैतिक रूपमा प्रिमियम शुल्क तिर्नुपर्ने घिसिङको संकेत छ।

'१५ घन्टा लोडसेडिङ हुँदा उद्योगले १५ घन्टा नै बिजुली प्रयोग गरे भने पनि उनीहरूले सुविधा त पाएका हुन् नि। तसर्थ, त्यसबापत उनीहरूले नैतिक रूपमा प्रिमियम शुल्क तिर्नुपर्छ,' उनले भने, 'लोडसेडिङमा उद्योगहरूले तालिकाभन्दा बढी समय बिजुली प्रयोग गरेका छन्। त्यसले अन्य ग्राहकलाई विद्युत् सप्लाई गर्न अप्ठ्यारो भएको थियो। त्यसको क्षतिपूर्ति उद्योगहरूले त दिर्नुपर्‍यो नि।'

प्राधिकरणले बाध्य भएर उद्योगहरूको लाइन काट्नुपरेको स्पष्टीकरण पनि दिएको छ। यो ५-६ वर्षदेखि विवादमा रहेको विषय हो। यस विवादलाई समाधान गर्न विद्युत् नियमन आयोगले पनि आवश्यक निर्णय गर्नुपर्ने भनेर मन्त्रिपरिषद्ले सिफारिस गरेको छ। तर, त्यसअनुसार विद्युत् नियमन आयोगले अहिलेसम्म कुनै निर्णय गरेको छैन। ऊर्जासम्बन्धी अन्य सरोकारवाला निकायले यसबारे कुनै निर्णय तथा समन्वय गरेका छैनन्। त्यसमाथि पटक-पटक ताकेता गर्दा पनि उद्योगीहरूले पैसा नतिरेपछि लाइन काट्न बाध्य भएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

०७२ साउनदेखि ०७२ पुससम्म, ०७२ माघदेखि ०७५ वैशाखसम्म र ०७५ जेठदेखि ०७७ जेठसम्म गरी यसमा तीन चरणको विवाद छ। प्राधिकरणले प्रचलितभन्दा ६५ प्रतिशत बढी मूल्यमा ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरेको थियो। तर, कानुनअनुसार प्राधिकरणलाई विद्युत् महसुल दर तोक्ने अधिकार थिएन, छैन। त्यसैले प्राधिकरणले असार ०७२ मा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल दर २९ पुस ०७२ मा तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। प्राधिकरणका अनुसार त्यो १ साउन ०७२ देखि नै लागू हुन्छ। तर, आयोगले अनुमोदन गरेको मितिभन्दा अघिको बक्यौता नतिर्ने उद्योगीको अडान छ। सोहीअनुसार शिवम् सिमेन्टले दायर गरेको रिटमा सर्वोच्चले उक्त अवधि (०७२ साउन-०७२ पुस) को शुल्कमा प्रिमियम नलिन भनेको थियो। तर, त्यो अन्य उद्योगको हकमा लागू नहुने भनेर महान्यायाधिवक्ताको कार्यालयले प्राधिकरणलाई भनेको छ। तर, उद्योगहरू त्यस अवधिको पैसा नतिर्ने अडानमा छन्।

साथै, लोडसेडिङ अन्त्य भएपछिको अवधिको बक्यौता पनि नतिर्ने उनीहरूको दाबी छ। वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै उद्योगहरूमा प्रिमियमसहितको बिल पठाएको थियो। त्यसवेला पहिलाको आयोग खारेज भइसकेको र विद्युत् नियमन आयोग स्थापना नहुँदा महसुल दर संशोधन गर्न सकिएको थिएन। पछि उक्त महसुल दर खारेज हुने गरी असार ०७७ असारमा नयाँ विद्युत् महसुल दर आएपछि प्राधिकरणले यस्तो बिल काट्न छोडेको छ। लोडसेडिङ अन्त्य भएको अवस्थामा जेठ ०७५ पछिको बक्यौता नतिर्ने उद्योगीको अडान छ। प्रमाण देखाएको अवस्थामा माघ ०७२ देखि वैशाख ०७५ सम्मको अवधिको बक्यौता तिर्ने उद्योगीको दाबी छ।

यस मामिलामा समाधान निकाल्न ०७३ मा ऊर्जासचिवको संयोजकत्वमा अर्थ र उद्योगसचिव रहने समिति बनाइएको थियो। त्यो समितिले ०७२ माघदेखि ०७५ वैशाखको (लोडसेडिङ अवधि)को पैसा उठाउनुपर्ने निर्णय गरेको थियो। ०७२ साउनदेखि २९ पुस ०७२ सम्म र लोडसेडिङ अन्त्य भएपछिको अवधि (०७५ जेठदेखि ०७७ जेठसम्म)को महसुल के गर्ने भन्नेबारे निर्णय गर्न विद्युत् नियमन आयोगलाई जिम्मा दिइएको थियो। त्यसलाई मन्त्रिपरिषद्ले नै सदर गरेको थियो। तर, त्यसअनुसार नियमन आयोगले अझै कुनै निर्णय गरेको छैन। त्यसैले यसमा प्राधिकरण आफैं अग्रसर भएर लाइन काट्न बाध्य भएको घिसिङले बताए।

'अन्य कुनै पनि निकायले यसबारे कुनै निर्णय गर्दैन। पैसा असुल नगर्नू-गर्नू भनेर पनि भन्दैनन्। यही कारण देखाएर संसद्मा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई निलम्बन गर्ने आवाज उठ्छ,' उनले भने, 'महालेखाको पछिल्लो हरेक प्रतिवेदनमा यसबारे प्रश्न उठेको छ। तर, यो समस्या समाधान गर्न कसैले वास्ता गर्दैन। त्यसैले बाध्य भएर यो कदम उठाएका हौं। यो निरन्तर जान्छ।'

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

मोडलमा लानुपर्ने सुझाव दिएको थियो। प्रधानमन्त्री कार्यालयलाई डेस्क मोडलमा लानुपर्ने बहस लामो समयदेखि चल्दै आएको थियो। डेस्क मोडलमा गएसँगै अब मन्त्रालयहरू हेर्ने गरी कार्यालयमा अलगै डेस्क हुनेछ। डेस्कले तोकिएका मन्त्रालय र कार्यप्रकृतिका विषय मात्र हेर्नेछ। यसको नेतृत्व सहसचिवले गर्नेछन्। उदाहरणका लागि श्रम मन्त्रालय हेर्ने गरी कार्यालयमा अलगै डेस्क हुनेछ, त्यसले श्रम मामिला मात्र हेर्नेछ। त्यस्तै, अन्य मन्त्रालय र तोकिएका कार्य हेर्ने गरी डेस्क तोकिनेछन्। तिनै डेस्कले कार्यक्षेत्रभित्रका विषय हेर्ने, गतिविधि गर्ने, अनुगमन र समन्वय गर्नेछन्। डेस्क मोडलमा जाँदा कार्यालयको प्रभावकारिता बढ्ने विश्वास कार्यालयको छ।

प्रधानमन्त्री 'प्रचण्ड' ले प्रधानमन्त्री कार्यालयलाई नमुना कार्यालय बनाउने सोचसहित पदभार ग्रहणको पहिलो निर्णय नै प्रधानमन्त्री कार्यालय सुदृढीकरण गर्ने सम्बन्धमा गरेका थिए। गत वर्ष ११ पुसमा प्रधानमन्त्रीको पदभार ग्रहण गर्दै प्रचण्डले प्रधानमन्त्री कार्यालयको सुदृढीकरणमा रणनीतिक योजना बनाउने पहिलो निर्णयमा हस्ताक्षर गरेका थिए। यही निर्णयका आधारमा कार्यालयले रणनीतिक योजना बनाउने जिम्मा नीति अनुसन्धान प्रतिष्ठानलाई दिएको थियो।

पूर्वसचिव शिशिरकुमार ढुंगाना, पूर्वमुख्यसचिव सोमलाल सुवेदी, अर्थशास्त्री डा. अच्युत वाग्लेलगायतले तयार गरेको प्रतिवेदन प्रतिष्ठानले गत २७ असारमा प्रधानमन्त्री कार्यालयमा बुझाएको थियो। कार्यालयलाई कार्यकारी अधिकार दिनुपर्नेदेखि मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव रोक्नेसम्मको सिफारिस प्रतिवेदनले गरेको थियो। विद्यमान भूमिकालाई परिष्कृत गरेर कार्यालयलाई 'प्रो फेसनल' सार्वजनिक निकायका रूपमा विकास गर्नुपर्ने ठहरसहित प्रतिवेदनले १० रणनीति सुझाएको थियो। लगत्तै, कार्यालयले सचिव एकनारायण अर्यालको संयोजकत्वमा कार्यदल गठन गरेर सुशासन र शासकीय सुधारको उत्कृष्ट निकायका रूपमा स्थापित गर्न तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने विषयसहितको अध्ययन प्रतिवेदन तयार गरेको थियो। कार्यदलले २९ साउनमा मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई बुझाएको प्रतिवेदनले कार्यालयलाई विशेष भूमिका दिएर सुशासन र शासकीय सुधारको उत्कृष्ट निकाय बनाउन सुझाव र विकल्पसहितको सिफारिस गरेको थियो। यिनै अध्ययनसमेतका आधारमा कार्यालयले पुनर्संरचना र ओएन्डएम तयार गरेको थियो।

सर्लाहीमा पनि...

पृष्ठ १ बाट क्रमशः

(मिटरब्याज)सम्बन्धी छानबिन आयोगमार्फत न्याय खोजिरहेकी छिन्। रामस्वरूपलाई तीन लाख ऋणबापत चार लाख ७८ हजार बुझाउँदा पनि उल्टै धितोबापतको जग्गा बेचिदिएपछि आयोगले दुवै पक्षलाई छलफल गराएर तीन कट्ठा जग्गा, साढे ८ धुर घरसहितको घडेरी र एक लाख नगद फिर्ता गर्ने सहमति २ असार ०८० मा गरेको थियो। सहमतिअनुसार उनले १० साउनसम्म घरखेत पाउनुपर्ने भए पनि रामस्वरूपले फिर्ता नगरेपछि बुधबार प्रशासनले दुवै पक्षलाई बोलाएको थियो। 'ममाथि तिमीहरू लागिपर्‍यौ, म त्यत्तिकै छाड्दिनँ भन्दै रामस्वरूपले मुक्का हाने। लछारपछार गरे, लुगा च्याते,' अमरुलले भनिन्, 'न्याय माग्दा कुटाइ खाइने रहेछ।'

मविना पनि मिटरब्याजपीडित हुन्। मविनाका श्रीमान् हबिब साह फकिरले मिटरब्याजी साहु जाविर अली धोबीबाट लिएको ऋण मिटरब्याजमा परिणत भएको थियो। आयोगले गत असारमा दुवै पक्षलाई राखेर ऋणी फकिरले साँवा-ब्याजसहित दुई लाख ७५ हजार धोबीलाई तिर्नुपर्ने र साहु धोबीले घरौटी घडेरी बिक्री गरेको ३४ लाख ८५ हजारबाट ३२ साउन ०८० भित्र ३० लाख फिर्ता गर्नुपर्ने सहमति गराए पनि कार्यान्वयन भएको छैन। त्यसैले उनी पनि निरन्तर प्रशासन धाइरहेकी छिन्। तर, बुधबार रामस्वरूपले अमरुललाई कुट्न थालेपछि रोक्न पुगेकी मविनाले पनि कुटाइ खाइन्। 'अमरुललाई कुट्न थालेका थिए, किन कुटेको भनेर छुट्याउन जाँदा मलाई पनि कुटे, छातीमा मुक्का हाने,' उनले भनिन्। छलफल भएका र सहमति कार्यान्वयन नभएका तथा छलफल नै नभएका सर्लाहीका मिटरब्याजपीडित दैनिक जिल्ला प्रशासन कार्यालय पुग्ने गरेका छन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले मिटरब्याजपीडित महिलामाथि कुटपिट भएको घटना आफूहरूसम्म नआएको बताए। 'कुटपिट घटनाको विषयमा हामीलाई जानकारी आएको छैन,' डिएसपी थारूले भने, 'जानकारी आए त हामी तुरुन्त एक्सनमा गइहाल्छौं। त्यस्तो कुनै औपचारिक वा अनौपचारिक जानकारी छैन।'

बुधबारै सिराहा जिल्ला अदालत परिसरमा साहुकार श्यामकुमार निरौला र उनका छोरा प्रभाषकुमार निरौलाले मिटरब्याजपीडित विष्णुपुर गाउँपालिका- १ की ककुल्तीदेवी यादव र सुकुमारीदेवी साहमाथि कुटपिट गरेका थिए। अदालतमा साक्षी बकपत्र गर्दागर्दै समय घर्किएपछि बाहिर निस्किएका पीडितहरूमाथि कुटपिट भएको थियो। उक्त घटनाबारे नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो। यादवले निरौला बाउछोराविरुद्ध प्रहरीमा अपमानजनक अमानवीय व्यवहारसम्बन्धी जाहेरी दिएकी छिन्। बुधबारै नियन्त्रणमा लिइएका निरौला बाबुछोराविरुद्ध जाहेरी दर्ता भएपछि थप अनुसन्धानका लागि सिराहा जिल्ला अदालतबाट १० दिनको म्याद थपिएको छ।

कांग्रेस बैठक...

पृष्ठ १ बाट क्रमशः

केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलले गत निर्वाचनमा पराजितलाई राष्ट्रिय सभामा लैजान नहुने धारणा राखे। 'पार्टीमा गलत व्यक्तिको संरक्षण नहोस्। कामका आधारमा दण्ड र पुरस्कारको व्यवस्था होस्। उम्मेदवारको विषयमा छलफलबाट सर्वमान्य मापदण्ड बनाऔं। गत निर्वाचनमा पराजित भएकालाई लैजाने हो भने म किन नजाने ?' उनले बैठकमा भने।

डिला संग्रौलाले पनि न्यायोचित रूपमा टिकट वितरण हुनुपर्ने बताइन्। 'राष्ट्रिय सभामा पार्टीले उम्मेदवार छनोट गर्दा न्यायको सिद्धान्तअनुसार मापदण्ड बनाओस्,' उनको भनाइ थियो। अर्का केन्द्रीय सदस्य राजीव कोइरालाले पनि मापदण्ड बनाएर आवश्यकता र औचित्यका आधारमा उम्मेदवार छनोट हुनुपर्ने माग गरे। 'पराजितलाई राष्ट्रिय सभामा नलैजाऔं। मापदण्ड बनाएर उम्मेदवार चयन गरौं। हारेकालाई लैजाने हो भने मैले पनि निर्वाचन हारेको हुँ, मलाई पनि लगियोस्,' उनले भने।

दिलेन्द्रप्रसाद बडूले नयाँ उम्मेदवारलाई प्राथमिकता दिनुपर्ने बताए। 'कोही दोहोरिने, कोही केही नपाउने अवस्था नबनाऔं। अहिलेसम्म अवसर नपाएकालाई प्राथमिकता दिऔं,' उनको भनाइ थियो। बैठकमा अर्का केन्द्रीय सदस्य कर्णबहादुर बुढाले भने, 'धेरैपटक अवसर लिएकाले अब नलिऔं। नयाँलाई अवसर दिन लागौं।'

बैठकमा महामन्त्री गगन थापाले समुदायमा कांग्रेस अभियानको कार्ययोजनाबारे प्रस्ताव लगेका थिए। उनले सरकारमा रहेका मन्त्रीहरूले गरेका कामलाई तल्लो तहसम्म लैजान आवश्यक रहेको बताए। साथै, भ्रातृ संस्थाको महाधिवेशनबारे छलफल गर्नुपर्ने उनको प्रस्ताव थियो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

वोलपत्र आव्हान सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१३

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका सडक निर्माण/स्तरोन्नति कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/04/080-81 अन्तर्गत बिभिन्न प्याकेजहरुमा बोलपत्र आव्हान गरिएको र सो सम्बन्धि सूचनाहरु https://bolpatra.gov.np/egp/ मा मिति २०८०/०९/१३ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालकिाको कार्यालय
बुङचुङ, धादिङ
वागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/१३

यस कार्यालयको मिति २०८०/०९/०५ मा प्रकाशित सूचनामा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित ठेक्का नं. का बोलपत्रहरु बोलपत्र मूल्याङ्कन समितिबाट सिद्धलेक गाउँपालीका क्षेत्रभीत्र नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरि सिद्धलेक गाउँपालीकाले तोकेको दरमा बिक्री गर्नको लागि प्रतिस्पर्धात्मक रुपमा गाउँपालीकाको न्यूनतम रकममा प्रतिस्पर्धात्मक रुपमा न्यूनतम रकम भन्दा बढी रकम उठाउने कार्यको लागि बोलपत्रहरु मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट र सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (०२) बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारिको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि.नं.	ठेक्का नं.	ठेक्काको नाम	छनोट भएको बोलपत्रदाताको नाम	कबोल रकम मु.अ.कर सहित
१	REVENUE/ 01/2080/081	ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदिजन्य पर्दाथहरुको बिक्री शुल्क उठाउने कार्य।	सियोन कन्स्ट्रक्सन, सिन्धुपाल्चोक	९७,१८,०००.००

प्रमुख प्रशासकिय अधिकृत

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

नयाँ वानेश्वर-३१, काठमाडौं, फोन नं. : ०१-४५६५५१८

धितो लिलाम बिक्री गरिने सम्वन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१३

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले लिनु भएको ऋण कर्जाको शर्त मुताबिक संस्थालाई तिर्न बाँकी साँवा, ब्याज, मासिक किस्ता तिर्ने सम्बन्धमा पटक पटक मौखिक तथा पत्रहरूद्वारा तर ताकेता गराउदा समेत तिर्न बुझाउन नल्याउनु भएको हुदाँ प्रथम पटक मिति २०७९/०४/३० मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित भएको र हाल सम्म पनि उक्त कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएकोले सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम धितो लिलाम बिक्रीका लागी पहिलो पटक यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको ३५ दिन भित्र ऋण चुक्ता गर्ने अधिल्लो दिन सम्मको सावाँ ब्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफनो सम्पत्ति फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरूलाई जानकारी गराईन्छ। अन्यथा यो सुचना प्रकाशित भएको ३६ औं दिनमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरूको अधिनमा रही लिलाम बढाबढको माध्यमबाट धितो बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरूलाई यसै सूचनाद्वारा आव्हान गरिन्छ। साथै धितो लिलाम बिक्री गरिदा समेत सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पत्तिबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सुचित गरिन्छ।

तपसिल

ऋणीको नाम, थर, ठेगाना	धितो सुरक्षणको विवरण	जमानी कर्ताको विवरण
नाम : **सम्झना कार्की** (ना.प्र.नं. ५३/३५२७१) स्थायी ठेगाना: ओखलढुङगा जिल्ला रातमाटे, वडा नं ८ हालको ठेगाना : का.म.न.पा.- ६ बाबु: पदम बहादुर कार्की बाजे: धर्मध्वज कार्की 	**सम्झना कार्कीको** नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता भै एकलौटी श्रेस्ता कायम रहेको साबिकको ललितपुर जिल्ला, बिष्टछाप गा.वि.स, वडा नं ८ हालको गोदावरी न.पा., वडा नं २ स्थित कि.नं ३४४ को क्षेत्रफल १-०-०-० को जग्गा र उक्त जग्गामा रहेको सम्पूर्ण लिगलगापातहरू समेत .....।	**१. नाम: छत्र बहादुर कार्की** स्थायी ठेगाना: मकवानपुर जिल्ला हेटौडा, वडा नं.-११ बाबु: पदम बहादुर कार्की बाजे: धर्मध्वज कार्की  **२. नाम: पवन कुमार बंशल** हालको ठेगाना: सिद्धार्थ मार्ग, का.म.न.पा.-२८ बाबुको नाम: ओम प्रकाश बंशल 

बोलकबोल सम्बन्धि शर्तहरू :

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० (दश) प्रतिशतले हुने रकम नगदै धरौटी बापत तत्काले यस सहकारी संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम बढा बढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पती दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षीत रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम स्विकृत भएको सूचना पाए पश्चात संस्थाले तोकेको मिति भित्रमा सम्पूर्ण रकम बुझाई अचल सम्पती नामसारी गराई लैजानु पर्नेछ।
४. तोकिएको लिलामको दिन विदा परे वा सरकारी विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढा बढ हुनेछ।
५. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलीपल्ट (सरकारी विदा बाहेक) पुनः लिलाम कार्य हुनेछ।
६. लिलाम सकार गरेको अचल सम्पतिको स्वामित्व हस्तान्तरण सम्बन्धि सम्पूर्ण खर्च तथा लाग्ने शुल्क तथा अन्य दै दस्तुर उक्त लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
७. सम्बन्धीत ऋणीले लिलाम प्रकृया सुरु हुनु अगावै कर्जा वापतको सम्पूर्ण रकम बुझाउन त्याएमा सो कर्जा सम्बन्धि लिलामी प्रकीया रोकिनेछ।
८. लिलाम प्रकृयामा सो जेथा कसैले सकार नगरेमा प्रचलित कानुनको अधिनमा रही सो जेथा यस संस्थाले आफनो नाममा सकार गरी लिन सक्नेछ।
९. यस सम्बन्धी अन्य थप जानकारीको लागी नयाँ वानेश्वर स्थित संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ।

लिलामी हुने मिति : यो सूचना प्रकाशित भएको ३६ औ दिन (मिति २०८०/१०/१९)
समय : दिनको १:०० बजे।
लिलाम हुने स्थान : संस्थाको कार्यालय, नयाँ बानेश्वर-३१ (ग्लोबल आईएमई बैंक संगै)।

Government of Nepal
Ministry of Finance
Financial Comptroller General Office
Anamnagar, Kathmandu

Invitation for Bids

Invitation for Bids No: 2080/81-03
Contract Identification No.: FCGO/Goods/NCB/080/81/03
Date of publication: 2080/09/13 (i.e. 29th December 2023)

1. The Financial Comptroller General Office invites ***electronic*** bids from eligible bidders for the **Procurement of API Management/Gateway and Single-Sign-On with its Deployment and Integration to Existing Systems** under National competitive bidding – Single Stage Two Envelope procedures**.**
2. All bidders shall submit their bid electronically only. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***14th Magh 2080 (i.e. 28th January 2024).*** For detail electronic bid submission procedure, please refer to section I (Instructions to Bidders) of the bidding document. Bidders should deposit the cost of bidding document NRs. 3000/- in the following Rajaswa (revenue) account.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank:	Rastriya Banijya Bank, Teku
Name of the Office:	Financial Comptroller General Office
Office Code No.: 305013501	**Revenue Head No. :** 14229
Office Account No.:	1000100200010000

3. Pre-bid meeting shall be held at ***Financial Comptroller General Office, Anamnagar, Kathmandu*** at **2:00 PM** ***3rd Magh, 2080 (i.e. 17th January, 2024)***
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 pm** ***14th Magh 2080 (i.e. 28th January 2024)*** at the office of ***Financial Comptroller General Office, Anamnagar, Kathmandu***. Bids must be valid for a period of ***90 Days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs**.** ***2,32,000/-***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***14th of Jestha 2081 B.S. /27th May, 2024***).
5. For more detail notice and bidding document, please visit **www.bolpatra.gov.np/egp.**

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पथरी, मोरङ्गको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्गबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. **ऋणीको विवरण**

सलिम मियाको छोरी, अताउलहरमान मियाको बुहारी, बसारत मियाको पत्नि, सुनसरी जिल्ला, मधेली गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, गढि न.पा. वडा नं. ०१ बस्ने **सकिना खातुन** (ना.प्र.नं. ०६३००७/७४९, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. अताउलहरमान मियाको छोरा, सकिना खातुनको पति, सुनसरी जिल्ला, मधेली गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, गढि न.पा. वडा नं. ०१ बस्ने **बसारत मिया** (ना.प्र.नं. ५६८३०/५७८३०, जारी मिति २०५७/०८/०९, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

संस्थागत जमानीकर्ताको विवरण:

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्टारको कार्यलय काठमाण्डौमा दर्ता नं. १९०७०९/७४/०७५ कायम रहि सुनसरी जिल्ला, दुहवी न.पा./गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **पूर्व सुनसरी यातायात व्यावसायी प्रा. लि.**।

धितो सुरक्षणको विवरण:

१. धनि कुमारी बैक लि. र ऋणी **सकिना खातुन** कायम भई कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, इटहरी, सुनसरीमा दर्ता कायम रहेको चे.नं. MCHJ1BC5HPM02485, ई.नं. A6D0988387, सवारी नं. को २ ह ५९५, को JSA 1360 थान १।

२. **ऋणीको विवरण:**

कलिम मियाको छोरी, कासिम मियाको बुहारी, करिमूल मियाको पत्नि, सुनसरी जिल्ला, मधेली गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, गढि न.पा. वडा नं. ०१ बस्ने **रुकसान खातुन** (ना.प्र.नं. ०६३००७/७२४, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. कासिम मियाको बुहारी, रुकसान खातुनको पति, सुनसरी जिल्ला, मधेली गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, गढि न.पा. वडा नं. ०१ बस्ने **करिमूल मिया** (ना.प्र.नं. ९५३१२/९६३१२, जारी मिति २०६१/११/२१, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

संस्थागत जमानीकर्ताको विवरण:

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्टारको कार्यलय काठमाण्डौमा दर्ता नं. १९०७०९/७४/०७५ कायम रहि सुनसरी जिल्ला, दुहवी न.पा./गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **पूर्व सुनसरी यातायात व्यावसायी प्रा. लि.**।

धितो सुरक्षणको विवरण:

१. धनि कुमारी बैक लि. र ऋणी **रुकसान खातुन** कायम भई कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, इटहरी, सुनसरीमा दर्ता कायम रहेको चे.नं. MCHJ1BC5FJPF02527, ई.नं. A8D1192751, सवारी नं. को २ ह २७००, को JSA 1360 थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय पथरी, मोरङ्ग फोन नं. ०२१-५५६१३६/१३७

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार १३ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ नेपाल सुपर लिग

ललितपुर पहिलोपटक फाइनलमा

खेलको ३४औँ मिनेटमा १० खेलाडीमा सीमित ललितपुरले पोखरालाई २-१ ले हराउँदै धनगढीसँगको उपाधि भिडन्त पक्का गऱ्यो



दोस्रो क्वालिफायर्समा पोखरा थन्डर्सलाई २-१ ले हराएपछि ललितपुरका खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

ललितपुर सिटी दोस्रो संस्करणको एफसी नेपाल सुपर लिग (एनएसएल)को फाइनलमा प्रवेश गरेको छ । दशरथ रंगशालामा बिहीबार भएको दोस्रो क्वालिफायर्समा पोखरा थन्डर्सलाई २-१ ले हराउँदै ललितपुर पहिलोपटक उपाधिनजिक पुगेको हो । ललितपुरले शनिबार उपाधि भिडन्तमा साबिक उपविजेता धनगढीको सामना गर्नेछ । खेलको ३४औँ मिनेटमा १० खेलाडीमा सीमित ललितपुरको जितमा कुशल देउवा र इमोह इजेकेइलले एक-एक गोल गरे । पोखराका स्टेफन कोजो पापाले एक गोल फर्काए । पहिलो संस्करणमा ललितपुर इलिमिनेटरमा काठमाडौं रेजर्ससँग पराजित हुँदै बाहिरिएको थियो ।

भारतीय मिडफिल्डर निखिल कदमले दोहोरो पहेँलो कार्ड पाएपछि ललितपुरले बाँकी समय १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो । ललितपुरले पोखराविरुद्ध बलियो रक्षापंक्ति प्रस्तुत गरेको थियो । ललितपुरले खेलमा दुईपटक अग्रता लियो । पोखराले १० खेलाडीमा सीमित ललितपुरविरुद्ध फाइदा लिन सकेन । पोखराका प्रशिक्षक नवीन न्यौपानेले ललितपुरविरुद्ध प्रतियोगिताकै कमजोर प्रदर्शन भएको प्रतिक्रिया दिए । 'अक्सनबाटै हामी कमजोर टोलीका रूपमा थियौं, तर खेलाडीले राम्रो प्रदर्शन गर्दा सेमिफाइनलमा पुगेका हौं, फाइनल पुग्ने सुनौलो अवसरमा खेलाडीले प्रतियोगिताकै कमजोर प्रदर्शन गरे,' न्यौपानेले भने, '१० खेलाडीमा सीमित ललितपुरविरुद्ध फाइदा उठाउन सकेनौं ।'

ललितपुरका प्रशिक्षक इआन आन्दै गिलानीले समस्याबीच टोली फाइनल पुगेको प्रतिक्रिया दिए । 'अब एक महत्त्वपूर्ण खेल खेल्नुपर्नेछ, हामी मनोवैज्ञानिक रूपमा तयार हुनुपर्छ,' गिलानीले भने, 'खेलाडी घाइते छन्, यो निकै समस्या छ ।' पोखराविरुद्ध स्ट्राइकर इमोहले घाइते भएपछि मैदान छाडेका थिए । ललितपुरका मिडफिल्डरद्वय रोशन पहाडी र विवेक पौडेल घाइते छन् ।

कुशलको निर्णायक गोल

ललितपुरलाई फाइनल पुऱ्याउन ३० मिनेटको अतिरिक्त समयमा युवा खेलाडी कुशल देउवाले निर्णायक गोल गरे । निर्धारित ९० मिनेटमा दुवै टोलीले १-१ को बराबरी खेले । इन्जुरी समयमा मैदान प्रवेश गरेका कुशलले ९९औँ मिनेटमा गोल गरेका हुन् । नेपालको प्रतिनिधित्व गर्दै यू-१९ साफ च्याम्पियनसिप खेलिसकेका कुशलले पोखराका रक्षकले गरेको गल्तीको फाइदा उठाउँदै बक्सभित्रबाट सहज गोल गरे । पहिलो हाफको इन्जुरी समयमा इमोहको गोलबाट ललितपुरले अग्रता बनाएको थियो । ७२औँ मिनेटमा स्टेफन कोजो पापाले पोखरालाई १-१ को स्थितिमा फर्काए । आइडुले दायाँ साइडबाट निकालेको क्रसमा बक्सभित्रका पापा एनोरले हेडिङ गोल गरे ।

रेफ्री नै परिवर्तन

नेपाल सुपर लिगमा दोस्रोपटक रेफ्री परिवर्तन भएका छन् । ललितपुर र पोखराबीचको खेलमा फिफा रेफ्री नवीन्द्र महर्जन घाइते भएपछि ६६औँ मिनेटमा मैदान छाडे । उनको स्थानमा फोर्थ रेफ्री राम दासनले बाँकी खेल खेलाए । भारतीय रेफ्री दासन मैदान प्रवेश गर्दा महर्जन नै फोर्थ अफिसियल रहे । यसअघि धनगढी एफसी र काठमाडौं रेन्जर्सबीचको खेलमा पनि रेफ्री परिवर्तन भएको थियो । फिफा रेफ्री प्रज्वल क्षेत्री घाइते भएपछि बाँकी खेल नवीन्द्रले नै खेलाए ।

भाइचुङ भुटियाले ट्रफी अनावरण गर्ने

भारतीय राष्ट्रिय टोलीका पूर्वकप्तान भाइचुङ भुटियाले फाइनलअघि एनएसएलको ट्रफी अनावरण गर्ने भएका छन् । फाइनल खेलअघि प्रिम्याच कन्फ्रेसनमा शुक्रबार दुई कप्तान र प्रशिक्षक उपस्थित हुनेछन् । त्यसपछि ट्रफी अनवारण गर्ने कार्यक्रम छ । चौधरी ग्रुपको स्वामित्वमा रहेको आयोजक नेपाल स्पोर्टस् इभेन्ट एन्ड म्यानेजमेन्ट प्रालिले भारतीय फुटबलका हस्ती भुटियालाई निमन्त्रणा गरेको छ । भुटिया शुक्रबार दिउँसो ३:३० बजे काठमाडौं आइपुग्नेछन् । यसअघि आइभोरी कोस्टाका डिडिएर ड्रोग्बाले प्रतियोगिताको उद्घाटन गर्ने भनी प्रचार गरिएको थियो । तर, इंग्लिस क्लब चेल्सीका समेत प्रभावशाली स्ट्राइकर ड्रोग्बालाई आयोजकले ल्याउन सकेन ।

रनरेटका आधारमा पर्सा सेमिफाइनलमा



तिवारी यादव/नयाँ पत्रिका

अनुभवी खेलाडीले भरिएको एपिएफ क्लबले बिहीबार पर्सा ११ लाई ८ रनले हराउँदा पनि प्रो क्लब च्याम्पियन टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल स्थान बनाउन सकेन । रनरेटका आधारमा एपिएफ बाहिरिएको छ । एपिएफसँग पराजित भए पनि रनरेटका आधारमा पर्सा अन्तिम चारमा पुगेको हो । नारायणी रंगशालामा एपिएफले पहिलो ब्याटिङ गरी २० ओभरमा ९ विकेट गुमाएर १२८ रन बनाएको थियो । प्रत्युत्तरमा पर्साले २० ओभरमा ८ विकेटको क्षतिमा १२० रन मात्र बनाएपछि एपिएफ ८ रनले विजयी भयो ।

लिगको अन्तिम खेलमा पर्सालाई ८ रनले पराजित गरे पनि रनरेटका आधारमा एपिएफ सेमिफाइनल पुग्न सकेन

प्रो क्लबमा सहभागी सबै टोलीले समान पाँच खेल खेलेका छन् । भारतको नोयडाको वन्डर्स क्लब, पर्सा र एपिएफले समान ४ अंक बटुलेका छन् । नेट रनरेटका आधारमा वन्डर्स क्लब र पर्सा अन्तिम चारमा पुगेका छन् । अन्तिम खेलमा जित निकालेको एपिएफ उपाधि होडबाट बाहिरिन पुग्यो । एपिएफले पर्सालाई ९७ रनमा अलआउट गरेको अवस्था मात्र अन्तिम चारमा पुग्ने थियो । प्रतियोगितामा उत्तर प्रदेशले एक खेल पनि जित्न सकेन ।

प्रो क्लब च्याम्पियनसिपमा त्रिभुवन आर्मी क्लबले सर्वाधिक १० अंक र नेपाल पुलिस क्लबले ८ अंक बटुल्दै अन्तिम चारको स्थान सुरक्षित गरेका थिए । लिग चरणमा आर्मीले सबै खेल जित्यो ।

पुलिस क्लबले चार खेलमा जित हात पाऱ्यो । एपिएफविरुद्धको खेलमा रुपेश सिंहले आक्रामक ब्याटिङ गरेकै कारण पर्सा सेमिफाइनलमा प्रवेश गरेको हो । सिंहले ३७ बलमा नटआउट ४६ रनको योगदान दिए । उनले चार छक्का र दुई चौका प्रहार गरे ।

ऐरीको अर्धशतक

यसअघि पहिलो ब्याटिङ गरेको एपिएफका लागि कप्तान प्रदीप ऐरीले अर्धशतकीय योगदान दिए । उनले ४२ बलमा ५२ रन बनाए । लोकेश बमले ११ बलमा १९ रन जोडे । पुरन विकले २३ बलमा १८ रन बटुले ।

पर्साका कप्तान सन्दीप लामिछानेले चार ओभरमा ३५ खर्चिएर दुई विकेट लिए । रुपेश सिंहले तीन ओभरमा १६ रन दिएर दुई विकेट हात पारे । रञ्जित कुमारले दुई ओभरमा १७ रन दिएर दुई विकेट लिए ।

उपाधिका लागि दिनेश र जयराम भिड्ने

नयाँ पत्रिका

साबिक विजेता दिनेश प्रजापति र चौथो वरीयताका जयराम श्रेष्ठ सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेको उपाधिका लागि भिड्ने भएका छन् । रोयल नेपाल गल्फ क्लबमा बिहीबार भएको सेमिफाइनलमा तेस्रो वरीयताका दिनेश १६औँ होलमा सातौं वरीयताका रामे मगरलाई ३-२ ले हराउँदै लगातार दोस्रोपटक फाइनल स्थान बनाउन सफल भए । दिनेशले ९ होलको समाप्तिमा दुई स्ट्रोकको अग्रता लिएका थिए । अब उपाधि रक्षा गर्न उनलाई एक जित टाढा छ ।



अर्को सेमिफाइनलमा चौथो वरीयताका जयरामले नवौं वरीयताका भुवनकुमार रोकालाई प्रतिस्पर्धात्मक खेलको अन्तिम होलमा हराए । नवौं होलको समाप्तिमा जयरामले एक स्ट्रोकको अग्रता बनाएका थिए । भुवनले पुनरागमन गर्दै १५ होलको समाप्तिमा एक अग्रता लिए । १६औँ र १७औँ होल आफ्नो पक्षमा पारेका जयरामले फाइनलमा स्थान सुरक्षित गरेका हुन् ।

प्रतियोगिताको क्वार्टरफाइनलमा नवौं वरीयताका भुवनकुमार रोकाले अप्रत्याशित नतिजा निकाले । उनले पहिलो वरीयताका दाबेदार भुवन नगरकोटीलाई ४-३ ले हराए । जयरामले पाँचौं वरीयताका सञ्जय लामालाई २-१ ले निराश पारे । दिनेशले छैटौं वरीयताका रवि खड्काविरुद्ध अन्तिम होलमा संघर्षपूर्ण जित निकाले । रामे मगरले क्वार्टरफाइनलमा १५औँ वरीयताका प्रदीपकुमार लामालाई २-१ ले माथ दिए ।

शुक्रबार दिनेश र जयरामबीचको फाइनल खेल ३६ होलको हुनेछ । तेस्रो स्थानका लागि भुवन र रामेबीच १८ होलको प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले ६० हजार र उपविजेताले ४२ हजार रुपैयाँ पाउनेछन् ।

१० विकेटको जितसँगै बागमती प्ले अफमा

नयाँ पत्रिका

प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेशले प्ले अफमा स्थान बनाएको छ । बागमतीले बिहीबार कर्णालीमाथि १० विकेटको जित निकाल्दै शीर्ष चारमा रहँदै अन्तिम चारको स्थान पक्का गरेको हो । यसअघि एपिएफ र कोशीले प्ले अफमा स्थान पक्का गरेका थिए । टस जितेर ब्याटिङ गरेको कर्णालीले १३.४ ओभरमा सबै विकेट गुमाएर ४२ रन मात्र बनाएको थियो । बागमतीले कुनै पनि विकेट नगुमाई ४.५ ओभरमै ४३ रन बनायो ।

बागमतीकी यशु पाण्डेले नटआउट २५ रन र हेलिसा गुरुङले नटआउट १३ रन बटुले । कर्णालीको ब्याटिङमा विना थापाले १२ र सुरती बुढाले १६ रन जोडे । अन्य खेलाडीले दोहोरो रन नै बनाउन सकेनन् । बलिङमा बागमतीकी खुसी डंगोलले चार विकेट र संस्कृति फुँयालले दुई विकेट लिए ।



यसैगरी, प्रतियोगितामा एपिएफले लगातार छैटौं खेलमा जित निकालेको छ । एपिएफले त्रिवि क्रिकेट मैदानमा गण्डकीलाई ५२ रनले पराजित गरेको हो । ६ खेलमा ६ जितका साथ एपिएफ शीर्ष स्थानमा छ । एपिएफले क्वालिफायर खेल्नेछ । एपिएफले पहिलो ब्याटिङ गरी २० ओभरमा तीन विकेट गुमाएर १२७ रन बनाएको थियो । एपिएफकी ममता चौधरीले सर्वाधिक ४० रन बनाइन् । उनले ३३ बलमा ६ चौका प्रहार गरिन् । रोमा थापाले ३१ र सीता रानामगरले १९ रन बनाए ।

गण्डकीले २० ओभरमा ७ विकेट गुमाउँदै ७५ रन मात्र बनाउन सक्यो । गण्डकीका सृष्टि जैसी र सुमन खतिवडाले समान १७ रन बनाए । ज्योत्सनिका मरासिनीले १३ र सिर्जना पौडेलले ११ रन बटुले । एपिएफकी नेरी थापाले सर्वाधिक चार विकेट लिइन् । सोनु खड्काले दुई र करुणा भण्डारीले एक विकेट लिए । हारसँगै गण्डकीको शीर्ष चारमा रहेर प्ले अफ खेल्ने सम्भावना सकिएको छ ।

खेल संक्षेप

निम्स र बिएनए सेमिफाइनलमा

काठमाडौं/ निम्स र वसुन्धरा नेसनल एकेडेमी (बिएनए) १५औँ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलाअन्तर्गत सेमिफाइनलमा प्रवेश गरेका छन् । निम्सले एचएचसिएलाई २०-१४ ले पराजित गऱ्यो । स्मृति खत्रीको १३ स्कोर सहयोगमा बिएनएले ग्रिनल्यान्डलाई १७-१५ ले हरायो । सिनियर महिलामा एनसिसिएसले हिमरश्मिलाई २३-१४ ले हरायो । भ्याली पब्लिकले आयोजक ठुडराम इन्टरनेसनल एकेडेमी (टिआइए) 'बी'लाई २६-६ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । सिनियर पुरुषमा निम्सले जेनिथलाई ४४-४१ ले पाखा लगायो ।

फुटबलको उपाधि अर्जे माविलाई

गुल्मी/ जिल्ला माध्यमिक विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिताको उपाधि अर्जे माविले जितेको छ । फोर्टिन स्टार युवा क्लबले १३औँ वार्षिकोत्सवका अवसरमा आयोजना भएको प्रतियोगिताको फाइनलमा अर्जे माविले महेन्द्र माविलाई टाइब्रेकरमा हराउँदै उपाधि हात पारेको हो । निर्धारित समयमा दुवै माविले गोल गर्न सकेनन् । त्यसपछि उपाधिको छिनोफानो टाइब्रेकरबाट भयो । जसमा अर्जे माविले महेन्द्र माविलाई पराजित गऱ्यो ।

Bagamati Province Government
Ministry Of Social Development
Education Training Centre
Dhulikhel, Kavrepalanchok

Invitation for Bids

First Date of publication: BS. 2080/09/13 (29/12/2023 AD)

1. Education Training Centre, Dhulikhel office invites electronic bids from Nepalese eligible bidders for the **Construction of Compound Wall at Education Training Centre, Dhulikhel** as mentioned in table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Education Training Centre, Dhulikhel, Kavre, Phone no **: 011-490353, 9851239614**, may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office (Inland revenue) account as specified below and scanned copy (pdf format)of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids .

   Information to deposit the cost of bidding document in Bank:
   Cost of Bidding document NRs : 3000
   Name of the Bank : Rastriya Banijya bank, Dhulikhel branch, Kavrepalanchok
   Name of Office : Education Training Centre, Dhulikhel, Kavrepalanchok
   Office Code no. : 3500326013
   Inland Revenue Account no (for Cost of Bidding document) Revenue account : 1000100200010000 **(Rajaswa Shirsak no.:** 14229)
   Dharauti Account no (for Bid Security) Deposit account : 1040100202030000 (KHA-2-3:Dharauti A/C/PRA. LE.NI.KA
4. Pre-bid meeting shall be held at office of Education Training Centre,Dhulikhel, Kavrepalanchok on 2080/10/03 at 2:00 PM.
5. Electronic bids must be submitted to the office Education Training Centre, Dhulikhel, Kavrepalanchok through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080/10/14 (28/01/2024). Bids received after this deadline will be rejected.
6. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080/10/14 (28/01/2024) at the office of Education Training Centre, Dhulikhel, Kavrepalanchok. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security The bid security amounting prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Education Training Centre, Dhulikhel, Kavrepalanchok reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.
9. Matter not specified in this notice and the biding documents follows according to the procurement Act 2063 and procurement regulation 2064 of Nepal along with latest amendments and PPMO guidelines.
10. The name and identification of contract under single stage one envelop bidding procedure are as follows:

S. N.	Contract ID	Name of Project	Address	Estimated Amount (Without VAT and PS)	Bid Security Amount (NRS.)
1.	ETC/NCB/ WORKS/ 01/080-081	Construction of Compound Wall at Education Training Centre, Dhulikhel	Dhulikhel-6, Kavrepalanchok	4217259.86	115000

Training Chief

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० मङ्सिर मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० मङ्सिर मसान्त रकम (रु.)	२०८० कार्तिक मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	७३४,४९६,३६७	६४५,७२२,४३०
२	बैंक मुद्दती निक्षेप	१९८,०००,०००	१९८,०००,०००
३	ऋणपत्र /बन्ड	७३,३०४,०००	७३,३०४,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१५४,५२३,४११	१४७,४६९,१७५
	जम्मा	१,१६०,३२३,७७८	१,०६४,४९५,६०५
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	१७८,७५३,३९७	२१६,१७३,५५०
२	अन्य सम्पत्ति	९,१७७,०४०	७,००४,७९३
	जम्मा	१८७,९३०,४३७	२२३,१७८,३४३
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	६,४३३,१२८	५,९६०,०३५
	जम्मा	६,४३३,१२८	५,९६०,०३५
	खुद सम्पत्ति (ग्रस)	१,३४१,८२१,०८७	१,२८१,७१३,९१३
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,६६३,०८२	१,७९०,८८८
	कोष सुपरिवेक्षक शुल्क	२५८,५७१	१२६,४१६
	खुद सम्पत्ति	१,३३७,८९९,४३४	१,२७९,७९६,६०९
	जम्मा इकाई	१३२,०००,०००	१३२,०००,०००
	प्रति इकाई खुद मूल्य	१०.१४	९.७०

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० मङ्सिर मसान्त रकम (रु)	२०८० कार्तिक मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	३७,२६०,६४३	३२,६९४,१३९
२	प्राप्त भइ नसकेको आम्दानी	(४०,६७४,०५५)	(९६,२६३,६७०)
	जम्मा आम्दानी	(३,४१३,४१२)	(६३,५६९,५३१)
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	२०४,८२८	१६५,१७०
२	योजना लेखापरीक्षण शुल्क	४७,३६७	३८,०८०
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	९,४१५,१०२	७,४४२,९०८
४	कोष सुपरिवेक्षक शुल्क	६६४,५९७	५३२,४४१
	जम्मा खर्च	१०,३३१,८९४	८,२७८,५९९
	कुल आय / (व्यय)	(१३,७४५,३०६)	(७१,८४८,१३०)

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
- योजनाको २०८० मङ्सिर मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,१९८,५८३,७३१ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मूल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	७०,८५३	११,७५४,५१३
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१२,७११,८२५
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	११,४०७,०२०
४	प्राइम कमर्सियल बैंक लिमिटेड	११५,९९५	२२,६१९,०२५
५	एनएमबि बैंक लिमिटेड	८८,२६८	१८,३७७,३९८
६	एनआइसि एसिया बैंक लिमिटेड	६८,५१८	३४,७३१,७७४
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,२८०,६९७
८	कुमारी बैंक लिमिटेड	५०,५८६	७,९१६,७०९
९	नबिल बैंक लिमिटेड	३२,६०२	१७,०४४,३२६
१०	सानिमा बैंक लिमिटेड	२१,३३९	५,४४१,४४५
११	लक्ष्मी सनराइज बैंक लिमिटेड	६४,७३९	१२,४९४,६२७
१२	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	२५,०००	२,७००,०००

	विकास बैंक समूह		
१	गरिमा बिकास बैंक लिमिटेड	९५,९१०	३७,९०३,६३२
२	शाइन रेसन्ना डेभलप्मेन्ट बैंक लिमिटेड	७९,२९९	३०,६८८,७१३
३	लुम्बिनी बिकास बैंक लिमिटेड	५१,२८१	२०,६१४,९६२
४	मुक्तिनाथ बिकास बैंक लिमिटेड	८४,६३४	३३,५१५,०६४
५	मितेरी डेभलप्मेन्ट बैंक लिमिटेड	२४,४५७	९,७३८,७७७
६	कामना सेवा बिकास बैंक लिमिटेड	३२,४५०	१०,६९२,२७५
७	ज्योती बिकास बैंक लिमिटेड	३२,२७७	९,७४७,६५४
	फाइनान्स समूह		
१	मन्जुश्री फाइनान्स लिमिटेड	३७,८१४	२०,०४१,४२०
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	१५,०००	७,२३०,०००
३	गुर्खविल फाइनान्स लिमिटेड	३१,४८६	१३,६९६,४१०
४	रिलायन्स फाइनान्स लिमिटेड	२८,५१२	१०,३७२,६६६
	लघुवित्त समूह		
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,६७१	१३,२७९,०५०
२	छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड	१९,८१३	१७,३५६,१८८
३	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	१२,२२३	७,३९६,१३७
४	फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,६१०	११,६७१,०००
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,२२८	१२,९०३,७७२
६	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	९,००६	८,६५४,७६६
	जलविद्युत् समूह		
१	साहस उर्जा लिमिटेड	२८,२८९	१३,८६१,६१०
२	आँप पावर लिमिटेड	४२,०६०	७,३८१,५३०
३	अरुण काबेली पावर लिमिटेड	६२,०५४	११,३०६,२३९
४	डाँढी ग्रुप पावर लिमिटेड	१०,१२७	२,१८७,४३२
५	सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड	७,६५८	२,१९७,८४६
६	मिड सोलु हाईड्रोपावर लिमिटेड	५७६	२३६,८५१
७	माथिल्लो मैलुन खोला लिमिटेड	१,१५४	३७८,५१२
८	माउन्टेन इनर्जी नेपाल लिमिटेड	६,६६३	३,६३७,९९८
	सामूहिक लगानी कोष समूह		
१	सनराइज फोकस्ड ईक्वीटी फण्ड	२,५००,०००	१९,८००,०००
२	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,१७०,०००
३	आरबिबि म्युचुअल फण्ड २	१,०००,०००	८,१००,०००
४	सिटिजन म्युचुअल फण्ड २	१४४,३३७	१,११७,१६८
५	सिद्धार्थ इम्भेष्टमेन्ट ग्रोथ स्कीम-३	३३०,०००	३,३००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	५००,०००	४,०२५,०००
७	लक्ष्मी भ्यालु फण्ड २	४००,०००	३,११२,०००
८	एनआईसी एसिया ग्रोथ फण्ड	१४६,०४६	१,३८१,५९५
९	हिमालयन ८०-२०	१,०००,०००	१०,०००,०००
	निर्जीवन बीमा समूह		
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	४४०	६,२७०,०००
२	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	६३९	४८८,८३५
३	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,९१४	१७,५८८,६७४
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	२९,६८०	१८,३१२,५६०
५	आइजीआई फडैसियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४९,५६०	२२,६९१,७६०
६	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,०३३	१६,६१८,१७३
	जीवन बीमा समूह		
१	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३०,७२५	१३,७०३,३५०
२	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	३०,१२८	१५,९३७,७१२
३	एसियन लाईफ इन्स्योरेन्स क लिमिटेड	१८,०५४	१२,२०४,५०४
४	आइ एम इ लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,११६	२,८४४,४९६
५	रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,३८७	२,९४६,६८९
	होटल समूह		
१	सोल्टी होटल लिमिटेड	३९,०४५	१७,९९९,७४५
२	तारागाउँ रिजेन्सी होटल लिमिटेड	२३,०००	१९,०९०,०००
	लगानी समूह		
१	नागरिक लगानी कोष	४,६४६	९,४३१,३८०
	उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	२२	३७,६२०
२	शिवम सिमेन्ट लिमिटेड	३२,२२३	१६,९४९,२९८
३	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	११,१३६	४,०२९,००५
	अन्य समूह		
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	९००	१७६,९४०
	कूल		७३४,४९६,३६७

कोष प्रवर्द्धक:
NIMB
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौ ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेल: info@nimb.com.np
वेभसाइट : www.nimb.com.np

योजना व्यवस्थापक
NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
पोष्ट.न. २३२२८, तालिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४२५२८०, फ्याक्स: ४००५८४
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com